# स्थानीय विषयका रुपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यक्रम
तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आवश्यकता पूरा गर्नको लागि
प्रस्तुत शोधपत्र


शोधकर्ता

टीकानिधी लम्साल

परीक्षा रोल नं. : २४०००२४/२०६६

त्रि.वि.दर्ता नं. : १८०३५-८७

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०७२

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.न./Ref.No. :

## प्रतिज्ञा-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह एम्.एड्. द्वितीय वर्षको आवश्यकता परिपूर्तिका लागि **स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था** विषयमा शोधकार्य पूरा गर्नको लागि म शोधकर्ता टीकानिधी लम्सालले शोध निर्देशकज्यूको राय, सुझाव एवम् निर्देशन र सल्लाह बमोजिम सूचना संकलन गरी यसको विश्लेषण र व्याख्या गर्ने कार्यका साथ यस शोध पत्र तयार गरेको प्रतिज्ञा गर्दछु ।

शोधकर्ता

टीकानिधी लम्साल

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह एम्.एड्. द्वितीय वर्षको आवश्यकता परिपूर्तिका लागि शोधकर्ता टीकानिधि लम्सालद्वारा **स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था** शीर्षकमा तयार गर्नु भएको शोधपत्र अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................
उप.प्रा.होमनाथ सापकोटा
शोध निर्देशक
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति :

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

## पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तहका एम्.एड्. द्धितीय वर्षको आवश्यकता परिपूर्तिका लागि शोधकर्ता टीकानिधि लम्सालद्धारा तयार पारिएको **स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | | |
|---|---|---|---|
| १. | श्री कुवेर नाथ शर्मा | विभागीय प्रमुख | ................................ |
| २. | श्री हुम नाथ सापकोटा | शोध निर्देशक | ................................... |
| ३. | | बाह्य परीक्षक | ................................... |

मिति :

# कृतज्ञता

**"स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था"** शीर्षकको शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवम् प्रेरणा र उचित परामर्श प्रदान गर्नु हुने आदरणीय गुरु उप. प्राध्यापक श्री होमनाथ सापकोटाज्यू प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । आफ्नो व्यस्त समयका वावजुद यस अनुसन्धान कार्यमा आवश्यकीय सहयोग गर्नुहुने आदरणीय गुरु एवं पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागिय प्रमुख श्री कुवेरनाथ शर्माज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु ।

अनुसन्धानको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्रमा विद्यालय परिवार, अभिभावकज्यूहरु, स्थानीय बुद्धिजीवीहरु, सम्बन्धित विद्यालयका स्रोत व्यक्तिहरु एवं सम्पूर्ण विद्यार्थीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । अनुसन्धान कार्य गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीका तथा अनुसन्धानकर्ता र रचनाकारप्रति आभारी छु । भौतिक तथा आर्थिक सहयोग गरी उच्च शिक्षासम्म पढ्ने अवसर दिनुहुने आदरणीय माता पिता प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी पढाईमा हौसला प्रदान गर्ने र उच्च शिक्षा पढ्ने अवसर प्रदान गर्ने जीवनसाथी सन्ध्या न्यौपाने (लम्साल), छोरा आशिष लम्साललाई धन्यवाद दिन चाहन्छु । शोधपत्र लेखन कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने मेरा सहकर्मी साथीहरुलाई पनि धन्यवाद दिन चाहन्छु

अन्त्यमा शोधपत्रलाई मुर्तरुप दिन लेखन कार्यमा सहयोग पुऱ्याउने सहयोगी भाई शुभाष सिग्देललाई पनि हृदय देखि नै सम्झना राख्दै शोध प्रतिवेदनलाई कम्प्युटर कार्यमा सहयोग गर्नुहुने गण्डकी फोटोकपी परिवारप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

शोधकर्ता

टीकानिधी लम्साल

# शोधसार

*यस शोधअध्ययनको शिर्षक **"स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वियनको अवस्था"** रहेको छ । यो अध्ययनका उद्देश्यहरु स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको वर्तमान अवस्था, उर्दु भाषा पाठ्यक्रमको कार्यान्वियनको अवस्था, उर्दु भाषा पाठ्यक्रम कार्यान्वियनमा देखिएका समस्याहरु र उक्त समस्याहरु समाधान गर्ने उपायहरुको खोजी गर्ने राखिएको छ । यस अध्ययनको उदेश्यहरु पूरा गर्न उर्दु भाषामा पठनपाठन गरिएका तनहुँ जिल्लाको किहुँ गा.वि.स. अन्तर्गत गौसिया मदर्शा प्रा.वि. किहुँ-५ र शुक्लागण्डकी नगरपालीका अन्तर्गत नुरुल उलुम मदर्शा प्रा.वि. दुलेगौडा-८ का दुईवटा विद्यालयहरु र अध्ययनका उद्देश्यहरु पूरा गर्नका लागि सूचनाका स्रोतहरुमा अध्ययन क्षेत्रका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक एवम् वुद्धिजीवी छनोट गरि प्रश्नावली, समूह छलफल र कक्षा अवलोकन जस्ता साधनको निर्माण गरिएको थियो ।*

*अध्ययनका क्रममा प्राप्त भएका सूचना अनुसार अध्ययन क्षेत्रका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम स्थानीय विषय उर्दु भाषामा निर्माण गरी पठनपाठन गरेको पाइयो । यस विषयको पाठ्यक्रम स्रोत व्यक्तिको नेतृत्वमा प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक एवम् स्थानीय वुद्धिजीवीहरुको संलग्नतामा स्थानीय आवश्यकता अनुसार विद्यालयले निर्माण गरेको पाइयो । स्थानीय पाठ्यक्रम उर्दु भाषाको निर्माण प्रक्रियाका चरणहरुमा आवश्यकता पहिचान, विषयवस्तुको छनोट, शिक्षण सिकाई प्रक्रिया र समय निर्धारणलाई प्रयोग गरेको पाइयो । उद्देश्यको निर्धारण, कक्षागत सिकाई उपलब्धि र विद्यार्थी मूल्याङ्कन जस्ता चरणहरुको प्रयोग गरेको पाइएन । स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माण गरी पठनपाठन गरेता पनि पूर्ण रुपले निर्माण प्रक्रिया सम्बन्धी थाहा नपाएको र तालिम प्राप्त नभएको पाइयो ।*

*त्यसै गरी स्थानीय विषय उर्दु भाषा विषय बाहेक अन्य विषयहरु सामाजिक अध्ययन, शारीरिक र सिर्जनात्मक कला विषयको पाठ्यक्रम निर्माण गरेको पाइएन । विषयवस्तुको छनोट विद्यालय तहको नेतृत्वमा गर्ने गरेको पाइयो भने छनोट कार्यमा शिक्षक, प्र.अ., केहि अभिभावक, विद्यालयका वि.व्य.स. लाई मात्र संलग्नता गराउने गरेको पाइयो ।*

स्थानीय पाठ्यक्रम अनुसार दक्ष शिक्षकको अभाव रहेको, शिक्षकहरुलाई स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम सम्बन्धी तालिमको अभाव भएको कारणले कार्यान्वयन प्रभावकारी नभएको पाइयो । त्यसै गरी विद्यार्थी मूल्याङ्कन पनि स्थानीय पाठ्यक्रमको मर्म अनुसार नगरी अर्धवार्षिक र वार्षिक परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने त्यसमा पनि अन्य विषयमा ल्याएको प्राप्ताङ्कको आधारमा विद्यार्थीलाई अंक प्रदान गर्ने नाजुक मूल्याङ्कन प्रक्रियाले स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था प्रभावकारी नभएको पाइयो ।

यी माथि उल्लेखित स्थानीय पाठ्यक्रममा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयन पक्षहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि विद्यालयमा शिक्षण गर्ने शिक्षक, स्रोतव्यक्तिलाई स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम सम्बन्धी तालिमको व्यवस्था, विद्यालयहरुलाई जिल्ला शिक्षा कार्यालय तथा केन्द्रबाट र सबै सम्बन्धित निकायबाट सहयोग, विद्यालयको आर्थिक अवस्थालाई बलियो पार्न, सूचना तथा सञ्चार माध्यमबाट व्यापक रुपमा कार्यान्वयन गर्न र गराउन लगाएर स्थानीय उर्दु भाषा पाठ्यक्रम निर्माण गर्ने, केन्द्र र जिल्ला तहबाट सबै विद्यालयहरुमा निरीक्षण परामर्श र निर्देशन तथा नीति, नियम र योजनालाई व्यापक पारेमा निर्माण प्रक्रियादेखि कार्यान्वयन प्रक्रियासम्म सुधार हुने सम्भावना देखियो ।

# विषय सूची


| | पृष्ठ नं. |
|---|---|
| **प्रतिज्ञा पत्र** | **i** |
| **सिफारिस पत्र** | **ii** |
| **स्वीकृती पत्र** | **iii** |
| **कृतज्ञता** | **iv** |
| **शोधसार** | **v** |
| **विषय सूची** | **vii** |
| **तालिका सूची** | **x** |
| **संक्षिप्त शब्दावलीहरु** | **xi** |
| **परिच्छेद- एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनको परिसीमा | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१०-२१** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | १० |
| २.२ प्रयोगात्मक साहित्यको पुनरावलोकन | १६ |
| २.३ अवधाराणात्मक ढाँचा | १८ |
| २.४ साहित्य पुनरावलोकनको शैक्षिक उपादेयता | २० |
| **परिच्छेद तीन : अध्ययन विधि** | **२२-२५** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २२ |
| ३.२ अध्ययन क्षेत्र, जनसंख्या छनोट र नमूना छनोट | २२ |
| ३.३ तथ्याङ्कका स्रोतहरू | २३ |
| ३.४ तथ्याङ्क संकलनका साधनको निर्माण | २३ |

३.५ तथ्याङ्क संकलन प्रक्रिया २४
३.६ साधनको विश्वासनियता र वैधता २४
३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण विधि २५
**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण** **२६-४८**
४.१ स्थानीय विषयका रुपमा उर्दु भाषा पाठ्यक्रमको निर्माण अवस्था २७
४.१.१ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण प्रक्रिया २७
४.१.१.१ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माणमा सहभागीहरू २८
४.१.१.२ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण गर्दा अपनाउनु पर्ने निर्माण प्रक्रियाका चरणहरु २९
४.२ स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था ३४
४.२.१ प्रश्नावली तथा अन्तर्वाताबाट प्राप्त सूचनाको विश्लेषण ३५
४.२.२ समूह छलफलबाट प्राप्त सूचनाको विश्लेषण ३५
४.२.३ कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण ३६
४.२.४ स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम कक्षाकोठामा कार्यान्वयनको अवस्था ३६
४.२.५ पाठ्यपुस्तक तथा सन्द्रर्भ सामाग्रीको उपलब्धता ३८
४.२.६ विद्यार्थी समूह छलफल ३९
४.२.७ स्थानीय पाठ्यक्रम कार्यान्वयनबारे शिक्षक तथा अभिभावक प्रतिक्रिया ३९
४.२.८ स्थानीय विषयको मूल्याङ्कन अवस्था ४०
४.२.९ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा समुदायको भूमिका ४०
४.२.१० स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनबारे प्रतिक्रिया ४१
४.३ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु ४३
४.४ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनका समस्या समाधानका उपायहरु ४४
४.५ प्राप्तिको सारांस ४७

परिच्छेद पाँच : निष्कर्ष र सुझाव ४९-५१

५.२ निष्कर्षहरू ४९

५.३ सुझावहरू ५०

सन्दर्भग्रन्थहरु

अनुसूची १ : प्रधानाध्यापकसँग सोध्ने प्रश्नावली

अनुसूची २ : स्रोतव्यक्तिलाई सोधिने प्रश्नहरु

अनुसूची ३ : शिक्षक, अभिभावक र विद्यार्थीका बिचमा गरिने छलफलका प्रश्नहरु

अनुसूची ४ : कक्षा अवलोकन फारम

अनुसूची ५ : विद्यालय अवलोकन फारम

अनुसूची ६ : काल

अनुसूची ७ : वचन

अनुसूची ८ : लिङ्ग

अनुसूची ९ : स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम, कक्षा १, २ र ३

## तालिका सूची


| तालिका नं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| तालिका नं १ | स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण प्रक्रियाको नेतृत्व | २८ |
| तालिका नं २ | स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण प्रक्रिया | ३० |

## संक्षिप्त शब्दावलीहरू

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथामिक विद्यालय |
| रा.पा.प्रा. | : | राष्ट्रिय पाठ्यक्रम प्रारूप |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| वि.व्य.स | : | विद्यालय व्यवस्थापन समिति |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

सयमको परिर्वतनसँगै शिक्षा क्षेत्रले पनि विकासक्रममा फड्को मारेको छ । शिक्षा व्यक्तिको नैसर्गिक अधिकार भएकोले भौगोलिक वनोट अनुसार स्थानीय वातावरणसँग अनुकुल हुने शिक्षा स्थानीय विषयको पाठ्यक्रममा लिन पाइने भन्ने सन्दर्भलाई लिएर गण्डकी अञ्चल तनहुँ जिल्ला किहुँ गा.वि.स. अध्ययनकर्ताको कार्यक्षेत्र भएकोले सो गा.वि.स.को वडा नं. ५ मा अवस्थित मियाँ गाउँलाई अध्ययन क्षेत्र लिएर त्यहाँ बसोबास गर्ने मूश्लिम जातिको रहन सहन शिक्षादीक्षा लगायतका व्यवहारहरुबाट प्रभावित भई यस अध्ययनलाई स्थानीय पाठ्यक्रमको अवधारण अनुरुप त्यस वडामा रहेको सामुदायिक विद्यालयमा स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्थालाई अध्ययन गर्न प्रयत्न गरिएको छ ।

नेपाल एक हिन्दुबाहुल्य भएको देश भएतापनि यस अधिराज्यभित्र गैर हिन्दुहरू पनि लामो समयदेखि बस्दै आएका पाइन्छन् । जसमा मुस्लिम धर्माबलम्बीहरू पनि एक छन् । मुस्लिम धर्म विश्वका प्रख्यात चार धर्महरू मध्येको एक धर्म हो । यिनीहरूको आफ्नै धर्म, भाषा, संस्कृति भएकोले हिन्दु राष्ट्र भित्र छुट्टै पहिचान रहेको छ । (राष्ट्रिय जनगणना २०६८ अनुसार) नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मा १,२८,४९,०४१ जना (४८.५%) पुरूष र १,३६,४५,४६३ जना (५१.५%) महिला जनसंख्या रहेका छन् । धर्मको अनुसार हिन्दु-८१.३%, बौद्ध-९.०%, इस्लाम-४.४%, किरात-३.१%, क्रिश्चियन-१.४% र अन्य-०.९ % रहेका छन् । (राष्ट्रिय जनगणना २०६८)

मुश्लिम धर्माबलम्बीहरू आफ्नो धर्म, कला र संस्कृतिमा बढी कटिबद्ध हुन्छन् । धर्मले पनि यिनीहरूलाई केही अनिवार्य गर्नुपर्ने कार्यहरू तोकिदिएको छ । जसमा नमाज, जकात, रमजान र हज मुख्य हुन् । त्यसमा पनि हज र जकात धन सम्पत्तीसँग बढी नजिक भएकोले सम्पन्न व्यक्तिहरूलाई मात्र अनिवार्य गरिएको छ । पैगम्बर मोहमदलाई मुश्लिमहरू अल्लाह मान्दछन् र सोही इस्लामिक धर्म कानुनको अधिनमा रहि आफ्ना कार्य गर्दछन् । इस्लाम

धर्ममा विश्वास गर्ने र सोहि धर्मले सिकाएको बाटोमा हिड्नेलाई मुसलमान भनिन्छ । इस्वीको छैटौं शताब्दीमा एशियामा बौद्ध धर्म र यूरोपमा इशाई धर्मको प्रभाव फैलदै थियो । विश्वको धार्मिक इतिहासमा अरवियन सुख्खा भूमिको विशिष्ट र गौरवशाली स्थान रहेको देखिन्छ । इस्लाम धर्म पनि अरवियन भूमिमै उदभव भएको थियो । इसाको सातौं शताब्दीको पूर्वार्धमा । (चालिसे २०५८:३८८)

मुसलमानका पहिला पूर्खा पन्ध्रौ शताब्दीको अन्त्यतिर तथा सोर्‍हौं शताब्दीको शुरूतिर लदाकको बाटो तिब्बत पसेर नेपाल आउने कश्मिरी मुसलमान थिए । उनीहरू त्यतिञ्जेलसम्म कम्बल, गलैचा, दोसल्ला आदिको व्यापार गर्दथे । कश्मिरी मुसलमानहरूलाई काठमाण्डौका राजा रत्न मल्लका प्रतिनिधिले ह्रासामा भेटेपछि उनीहरूमध्ये केहीलाई काठमाण्डौं बोलाएर ल्याएका थिए । इस्लाम धर्मलाई मुसलमान धर्म पनि भनिन्छ । अनादिकालदेखि नै चलिआएको यस धर्मका लागि अल्लाहका सन्देशबाहक रसुहलहरूले यसको प्रचार प्रसार गरेर शिक्षा दिँदै आएको पाइन्छ । इस्लाम अरबी भाषाको शब्द हो जसमा अर्थ अज्ञापालना गर्नु इस्लाम धर्म हो । मुसलमानको अर्थ सेवक भन्ने हुन्छ अर्थात् अल्लाहको सेवक हुनु मुस्लिम बन्नु हो । (विष्ट, २००६:९०)

शिक्षालाई विकासको मेरूदण्डको रूपमा लिइन्छ । मानिसको व्यवहारमा सकारात्मक परिर्वतन ल्याउने माध्यम शिक्षा हो । विकेन्द्रिकरण शिक्षा प्रणाली, शैक्षिक पद्धतिका रूपमा प्रभावकारी सोच बनाउनुपर्छ । विकसित देशहरूले मूल रूपमा विकेन्द्रिकरण र स्थानीय सवाललाई केही फरक राखेर पाठ्यक्रमको योजना, विकास, परीक्षण, कार्यान्वयन, वैधता र मूल्याङ्कन गर्ने उत्तरदायित्व स्थानीय विद्यालयलाई दिनुपर्छ । यस्ता सुविधाहरू तिनीहरूका स्थानीय आवश्यकता अनुसारको शिक्षा दिनुपर्छ र सिकाईको चाहना अनुसार गर्नुपर्छ । स्थानीय स्तरका चाहना आवश्यकता र स्रोतहरूको जानकारी केन्द्रिय स्तरका पाठ्यक्रम निर्माता र योजनाकारलाई हुँदैन । राज्यको र स्थानीय सिकारूको चाहना र उद्देश्य निर्माताको जीवनशैली बीच फरक हुन्छ । तसर्थ पाठ्यक्रम विकास योजना स्थानीय स्तरमा हुनुपर्छ ।

वर्तमान युग विश्वव्यापीकरणबाट प्रभावित युग हो । यो युग नै जातिय वैशिष्यता, राष्ट्रिय पहिचान, भाषा, संस्कृति, मौलिकता आदिको पहिचानका लागि आन्दोलित युग पनि हो । तेस्रो विश्वका अधिकांश देशहरूमा विश्वव्यापिकरण लहर र स्थानीय पहिचानको लहर एकै

समयमा चलिरहेको छ । Think Globally, Act Locally भन्ने मध्यमार्गी र समन्वयकारी नाराले अन्तर्राष्ट्रिय राष्ट्रिय र स्थानीय विषयवस्तुलाई विद्यालयीय पाठ्यक्रममा समावेश गरिनुपर्छ भन्ने मान्यतालाई स्वीकारेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रमले विविधतायुक्त राष्ट्रिय परिवेशलाई समेट्न कठिन हुने हुँदा पाठ्यक्रममा निश्चित अंश स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, स्थानीय परिवेशलाई समेट्नु पर्छ भन्ने मान्यतामा सैद्धान्तिक सहमति भएको पाईन्छ । शैक्षिक विकेन्द्रिकरणको अवधारणा अन्तर्गत पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई सुधार गर्न सकिने कुरामा जोड दिएको पाइन्छ ।

नेपाल भौगोलिक, सामाजिक र संस्कृतिक विविधतायुक्त देश हो । यिनै विविधता नेपालका विशिष्ट पहिचान पनि हुन् । नेपालमा उच्च हिमश्रृङखला सहितको शित्तोष्ण हिमाली भेग, रमणिय जलवायु युक्त समशित्तोष्ण पहाडी भेग र उपत्यका समतल र उर्वरभूमि भएको उष्ण तराई एवम् दक्षिणदेखि उत्तरसम्मको छोटो दुरी बीचको एक आपसमा अतिभिन्न जलवायुले नेपालको भौगोलिक, समाजिक तथा संस्कृतिक पक्षहरूमा विशिष्टता प्रदान गरेका छन् । यी फरक फरक विशिष्टताका आधारमा विभिन्न अध्ययनबाट यहाँ १०२ भन्दा बढी जाती रहेका छन् भने ९२ भन्दा बढी भाषा बोल्दछन् । सामूहिक जीवन पद्धती, आपसी सद्भाव र सहिष्णुता सरल मैत्रीपूर्ण र आफ्नो संस्कार तथा सांस्कृतिमा रमाउने जीवनशैली, परोपकार, अतिथि सत्कार मेलमिलाप र सद्भाव जस्ता आदर्श नेपालको सामाजिक तथा सांस्कृतिक विशेषता बनेका छन् । विविध कला, धर्म, भेषभूषा, रहनसहन, मन्दिर, गुम्बा, धर्मशाला, पाटीपौवा, चौतारी आदिमा आस्था, आत्मिकताको आदन प्रदान विविध संस्कृति, संस्कार, परम्परा प्रति पनि सद्भाव सरल, मैत्रीपूर्ण र आफ्नै संस्कार तथा संस्कृतिमा रमाउने चलन आफैमा विशिष्ट छन् । नेपालमा विभिन्न विश्वव्यापीकरणको लहरसँगै उदारीकरण र विश्व व्यापार संगठनको साथै कृषि, पशुपालन, जडीबुटि  स्थान विशेषका उत्पादनको आदनप्रदान हाटबाजार, पर्वतारोहण, पर्यटक, श्रम आदि पक्ष नेपालका आर्थिक क्रियाकलापको मुख्य आधार हुन् । (प्रा.वि.के. २०६२)

यसरी देशको राष्ट्रिय परिवेश र अन्तराष्ट्रिय क्षेत्रमा आएको परिर्वतन समेतलाई दृष्टिगत गरी नेपालले २०४९ सालको प्राथमिक शिक्षा पाठ्यक्रमले प्राथमिक तहमा विद्यालयले १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय विषयका रूपमा अन्य कुनै

विषय छनोट गरी पठनपाठन गर्नुपर्ने व्यवस्था गरेदेखि स्थानीय पाठ्यक्रमको सन्दर्भमा विद्यालयीय शिक्षामा जोडिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमको सन्दर्भलाई केही थप प्रावधान सहित अगाडि ल्याएको छ । जसमा प्राथमिक तहको सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा वार्षिक पाठ्यभारको २० प्रतिशत अंश स्थानीय विषवस्तुलाई समेटेर स्रोत व्यक्ति सँगको सहयोगमा शिक्षक स्वयमले पाठ्यक्रम बनाई पठनपाठन गर्न व्यवस्था गरिएको छ भने बाँकी ८० प्रतिशतको पाठ्यक्रम केन्द्रबाट नै निर्माण गरेको पाठ्यक्रम अनुसार पठनपाठन गर्ने व्यवस्था छ । सामाजिक अध्ययन विषयको विषयवस्तुमा ऐतिहासिक, संस्कृतिक, भौगोलिक खेल, शारीरिक कसरत र अभ्यास रहेको छन् भने सिर्जनात्मक कला विषयमा स्थानीय रूपमा पाइने माटो, काठ, ढुङ्गा, बेतबोस, निगालो, सिलाई, बुनाई, रङ्याई  चित्र बनाउने आदि जस्ता विषयवस्तुका क्षेत्र रहेका छन् भने शारीरिक शिक्षामा स्थानीय खेल र शारीरिक अभ्यासलाई जोड दिइएको छ । स्थानीय पाठ्यक्रमको मर्म अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाद्धारा मूल्याङ्कन गर्ने  र उदार कक्षा उन्नति अपनाउनु पर्ने व्यवस्था गरेको छ । (प्रा.वि.के. २०६४)

“स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरूको सहभागिता स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरूलाई समावेश गरी निर्माण र कार्यान्वन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो (स्थानिय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४)”

स्थानीय तहको पाठ्यक्रम विद्यालय स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालय जसले निर्माण गरेको हो उसैले कार्यान्वनमा देखापरेका कठिनाईहरू अध्ययन गर्दा दिइएको सुझावहरूका आधारमा परिर्माजन गर्नसक्छ । त्यसरी नै कार्यान्वनको क्रममा प्राप्त पृष्ठपोषणका आधारमा विद्यालय स्वयमले पनि सो पाठ्यक्रम परिर्माजन गर्न सक्छ । केन्द्रिय पाठ्यक्रम परिमार्जन गर्दा केन्द्रले स्थानीय पाठ्यक्रममा पनि आवश्यक संशोधन गर्ने गरी पाठ्यक्रम निर्माण गर्न सक्ने नीति अबलम्बन गरिएको छ । वास्तवमा यो सुक्ष्म तह (Micro-Level) मा निर्माण गरिने पाठ्यक्रमको योजना भित्र पर्छ । (भट्टराई र धामी २०६६) ।

स्थानीय पाठ्यक्रमका सैद्धान्तिक अवधारणालाई संक्षिप्त रूपमा केलाउँदा मूलतः यसले स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, विषयवस्तु शैक्षणिक व्यवस्था, सामाग्रीको निर्माण गरी स्थानीय परिवेश अनुरूपको शिक्षा दिने कुरालाई स्वीकार गर्दछ । स्थानीय समुदायमा

पाइने मौलिक विशेषताहरूलाई अझ विकसित र विश्वव्यापी रूपमा पहिचान गराउन आवश्यक रहेकोले औपचारिक शिक्षाको पाठ्यक्रममा स्थानीय ज्ञान र प्रविधिलाई समावेश गर्नुपर्ने हुन्छ । यसै आधारमा तयार गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । विद्यालयको प्राथमिक तह उमेर समूहलाई हेर्दा सरदर ९ वर्षभित्रका बालबालिकाहरूले अध्ययन गर्ने वा अध्यापन गराउने स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था थाहा पाउन र कार्यान्वयनमा देखिएको समस्या र समाधानका उपायहरूलाई न्यूनिकरण गर्न उपाय खोजी गर्ने प्रयत्न गरिएको छ ।

यसरी यस अध्ययन क्षेत्रमा उर्दुभाषाको स्थानीय विषय छनोट गर्नुमा मुश्लिमहरुको आफ्नो धार्मिक कटिबद्धतालाई बढी प्रवल मानिने सन्दर्भले गर्दा उर्दुभाषाको पाठ्यक्रम छनोट गरिएको छ । यसको कार्यान्वयनमा देखा परेका विविध अवस्थालाई अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## १.२ समस्याको कथन :

यस अध्ययन सम्बन्धमा उर्दुभाषालाई स्थानीय पाठ्यक्रममा एकिकृत गरी राष्ट्रिय कार्यक्रम र नीतिहरुलाई स्थानीय आवश्यकता र बालबालिकाको चाहनासँग मेलखाने स्यम् शिक्षाको मूल प्रवाहमा आउन नसकेका पिछडिएका वर्ग, जनजाति, अल्पसंख्यक जस्ता समूहहरुको आवश्यकतालाई सम्बोधन गर्ने किसिमले आवश्यक छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम वि.सं. २०६२ ले कक्षा १-३ मा स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न पाउने गरी १०० पूर्णाङ्कको स्थानीय विषयको साथै सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला अन्तर्गत ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले पाठ्यक्रम निर्माण गरी लागु गर्ने व्यवस्था गरेको छ

स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भईसके पनि पाठ्यक्रमको व्यवहारिक प्रयोगमा विभिन्न समस्याहरू आईपरेका छन्, जसमा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने खालको जनशक्ति नहुनु, स्थानीय तहमा पाठ्यक्रम विकास निर्माण र कार्यान्वयन गर्ने संस्थागत व्यापक हुन नसक्नु जस्ता समस्या रहेका छन् । यसका साथै स्थानीय पाठ्यक्रम विकास र निर्माण तथा कार्यान्वयनका लागि आवश्यक बजेट, समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ

वा स्रोत व्यक्तिहरू उपलब्ध हुन नसक्नु, स्थानीय तहमा पाठ्यक्रम विकास निर्माण र कार्यान्वयनमा आन्तरिक तयारी र तत्परताको अभाव हुनु जस्ता थुप्रै समस्या रहेका छन् ।

मुश्लिम समुदायका बालबालिकाहरू आफ्नो संस्कृति तथा परम्परामा बढी तल्लिन भएको पाइनुले उनीहरूको शिक्षाप्रति रूचि कम देखिन्छ । उनीहरूमा शिक्षाप्रतिको चासो कम हुनुमा स्थानीय विषयका रूपमा उर्दु भाषा पाठ्यक्रमको प्रतिफल कम हुनु पाठ्यक्रम कार्यान्वयनमा कमी देखिनु जस्ता अवस्थाले खेलेको भूमिकामा अध्ययन गर्नु जरूरी ठानिएको तथ्यलाई महसुस गरेर स्थानीय निकायलाई नै सशक्त बनाउनको लागि विभिन्न अधिकारहरू प्रदान गर्ने प्रावधानहरू मार्फत स्थानीय आवश्यकताका विषयवस्तुलाई समेट्ने, स्थानीयतालाई सम्बोधन हुने पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने लक्ष्यहरू राखेर अगाडि बढेको भएतापनि निर्दिष्ट गरिए अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन नसकेको एवं व्यवस्थित गर्नको लागि सम्बन्धित पक्ष र निकायहरूले वेवास्ता गरेकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको प्रक्रिया मात्र औपचारिक प्रावधानमा सिमित रहेको सुनिन्छ । तसर्थ यस अध्ययनमा स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी निम्न प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ ।

क. स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम निर्माणमा को-को संलग्न छन् ?

ख. स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको लागि के कस्ता योजनाहरू गरिएको छन् ?

ग. उर्दु भाषा पाठ्यक्रम कार्यान्वयनमा कठिनाईहरू के-के छन् ?

घ. उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा देखिएका कठिनाई न्यूनिकरण गर्न के-के उपाय अपनाउन सकिन्छ ?

भन्ने उद्देश्यले यो अध्ययनमा यी कुरा पत्ता लगाउने रूची र इच्चा लागेकोले यस अध्ययनमा “स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था” लाई समस्याको रूपमा प्रस्तुत गरी समाधानका उपायहरू पत्ता लगाउने प्रयत्न गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता, चाहना लगायत विभिन्न विविधताहरूलाई समेट्न सकेको देखिँदैन । तसर्थ स्थानीय आवश्यकता चाहना लगायत विभिन्न क्षेत्रका

विविधताहरूलाई समावेश गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अधिकार स्थानीय निकायलाई प्रदान गरेको देखिन्छ । स्थानीय निकायलाई अधिकार दिएपनि पाठ्यक्रम निर्माण हुन नसकेको अवस्था छ भने पाठ्यक्रम निर्माण भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु अर्को समस्याको अवस्था छ

स्थानीय पाठ्यक्रम विकास प्रक्रियामा स्थानीय सरोकारवाला पक्षहरूको सहभागिता भएता पनि कार्यान्वयन तहमा पुग्दा पाठ्यक्रम उद्देश्य अनुरूप प्रक्रिया सम्पन्न भएको छैन । समाजका सबै स्थानीय आवश्यकता र चाहना समावेश भएको छैन । पाठ्यक्रम निर्माणमा सबै व्यक्तिको सल्लाह र रूची तथा चाहनालाई समेटिएका छैनन् सो को शोधखोज गरी कार्यान्वयन सन्दर्भमा देखिएका र देखापर्ने सबल र दुर्बल पक्षको पहिचान गर्नु यस अनुसन्धानको औचित्य रहेको छ । यो अनुसन्धानको समस्या र विषय क्षेत्रबाट प्राप्ति, निष्कर्ष, उपयोगिता तथा महत्वका दृष्टिकोण अर्थपूर्ण हुन्छ । प्राथमिक पाठ्यक्रम २०६२/०६३ ले प्रत्येक सामुदायिक विद्यालयलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने गराउने गरेको व्यवस्था अनुसार उक्त विद्यालयहरूमा आफै, स्रोतकेन्द्र तह र जिल्ला तह मध्ये कुन तहबाट स्थानीय पाठ्यक्रमको विकास निर्माण तथा कार्यान्वयन भएको छ वा छैन ? स्थानीय आवश्यकता र उर्दु पाठ्यक्रम बीचको शैक्षिक तादात्म्यता छ कि छैन ? भन्ने प्रमुख समस्यालाई मुख्य मुद्दाको रूपमा केन्द्रित गरेर अनुसन्धान गर्नु यस अनुसन्धानको औचित्य हो । अनुसन्धान पछि स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम र कार्यान्वयन पक्षलाई गुणस्तरीय तथा प्रभावकारी बनाउने यसको महत्वपूर्ण भूमिका रहने छ यस अनुसन्धानको महत्व, उपयोगिता तथा सार्थकता निम्नानुसार प्रस्तुत गरिएको छ ।

क. स्थानीय पाठ्यक्रम निर्माणकर्तालाई स्थानीय आवश्यकताको पहिचान गरी कार्यान्वन गर्न मद्दत पुग्नेछ ।

ख. स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाका सुधार पक्ष पहिचान गरी निर्माणकर्तालाई पृष्ठपोषण दिनेछ ।

ग. स्थानीय पाठ्यक्रम उर्दुभाषाको कार्यान्वनको योजनाको बारेमा निष्कर्षमा पुगिने हुँदा अन्य विषयको स्थानीय पाठ्यक्रम कार्यान्वयनकर्तालाई योजना बनाउन सहयोग पुग्नेछ ।

घ. कार्यान्वयनका सुधार पक्ष पहिचान गरी कार्यान्वयन कर्तालाई पृष्ठपोषण दिनेछ ।

ङ. स्थानीय पाठ्यक्रमले समाजको आवश्यकतालाई समेट्न सके नसकेको पहिचान गर्न कार्यान्वनकर्तालाई मद्दत पुग्नेछ ।

च. यस अनुसन्धानले स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको विकासको अवस्था पहिचान गरी निर्माण तथा विकास नभएका विद्यालयहरूमा विकास गर्न सहयोगी हुनेछ ।

छ. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम के कति उपयोगी छ ? भनि प्रष्ट गर्न यस अनुसन्धानको महत्वपूर्ण भूमिका रहन्छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अनुसन्धान निश्चित उद्देश्यमा केन्द्रित हुन्छ । उद्देश्यले अध्ययनलाई निष्कर्षमा पुग्न मद्धत गर्दछ  र सामान्यीकरण गर्न समेत ठूलो सहयोग गर्दछ ।स्थानीय विषयको उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था सम्बन्धी यस अध्ययनका निम्नलिखित विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छ :-

क. स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रमको निर्माण प्रकृया पत्ता लगाउने ।

ख. स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउने ।

ग. स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनमा देखिएको समस्यालाई पहिचान गर्ने ।

घ. उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनमा देखिएको समस्यालाई समाधान गर्ने उपायहरूको खोजि गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका उद्देश्यहरू पूरा गर्नका लागि निम्नअनुसारका अनुसन्धानान्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क. अध्ययन क्षेत्रका विद्यालयहरूमा स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रम कसरी निर्माण गरिएको थियो ?

ख. स्थानीय विषयको उर्दुभाषा पाठ्यक्रममा कस्ता विषय वस्तु समावेश गरिएको थियो ?

ग. उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनमा के कस्ता शिक्षण सामग्री वा विषयवस्तु    प्रयोग गरिएको छ ?

घ. उर्दुभाषा विषय शिक्षण गर्ने शिक्षक व्यवस्था कसरी गरिएको छ ?

ङ. उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

त्रि.वि. शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि मेरो यस अध्ययनलाई आफ्नो इच्छा, सुविधा, अन्य स्रोत साधन आदिको आधारमा अध्ययनको सिमाङ्कन गरिएको छ । सिमाङ्कन गरीसकेपछि मात्र त्यसको परिधि भित्र रहेर तथ्याङ्क संकलन गरी अध्ययन कार्य संचालन गरिएको छ ।

क. यस अध्ययन तनहुँ जिल्लाको सदरमुकामदेखि दक्षिण पश्चिममा अवस्थित किहुँ गा.वि.स. र शुक्लागण्डकी नगरपालिकामा रहेका विद्यालयहरू मध्येमा उद्देश्यपूर्ण नमूना छनोटका आधारमा उर्दुभाषाको कक्षा सञ्चालनमा रहेका २ वटा सामुदायीक विद्यालयमा मात्र केन्द्रित गरिएको छ ।

ख. स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्थालाई लिएर कक्षा १-३ को उर्दुभाषा शिक्षणसँग मात्र अध्ययनलाई सिमित गरिएको छ ।

ग. अध्ययन गुणात्मक प्रकृतिको भएकोले यसको व्याख्या तथा विश्लेषण व्याख्यात्मक शैलिमा गरिएको छ ।

घ. स्थानीय विषय उर्दुभाषालाई छनोट गरिएको आधारमा यसको कार्यान्वयन पक्षमा रहेका व्यक्तिहरुलाई उत्तरदाताको रुपमा लिइएको छ ।

ङ. पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्ष कसरी गरिएको छ ? भन्ने प्रष्ट हुनलाई सूचना संकलनका साधनहरुमा प्रश्नावली समूह छलफल कक्षा अवलोकन प्रयोग गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले अध्ययन गर्न खोजिएको विषयवस्तुको मिल्दोजुल्दो यस अध्ययन भन्दा अगाडि गरेको अनुसन्धान तथा खोजको संक्षिप्त जानकारी हो । सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सहयोग गर्नुका साथै यो अनुसन्धान अवधिभर निरन्तर चलिरहने प्रक्रिया हो । अघिल्लो अध्ययनको निष्कर्ष र वर्तमानमा त्यो विषयवस्तुको वास्तविकता बीचमा तुलना गर्न समेत सकिन्छ । यसबाट अध्ययनकर्ताले आफ्नो अध्ययनलाई अरू अध्ययनकर्ताले भन्दा पृथक ढंगले अगाडि बढाउने अवसर पाउँछ भने पहिले नै अध्ययन भइसकेको भन्दा फरक विषयवस्तुमा अनुसन्धान गर्ने मौका मिल्दछ । अध्ययनको उद्देश्य पूरा गर्न निर्धारित प्रक्रिया र विधि अनुसार सम्बन्धित साहित्यको समिक्षा गर्नु आवश्यकीय पक्ष हो । यस अनुसन्धानका क्रममा विभिन्न पुस्तक, लेख, साहित्य, जर्नल र अनुसन्धानसँग सम्बन्धीत पत्र-पत्रिका र विभिन्न विद्धान्हरूको प्रकाशित कृतिको सहयोग लिई सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ । जसको आधारमा निम्न लेखिएका शीर्षकमा मुश्लिम जाति, र स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम सम्बन्धी संक्षिप्त व्याख्या गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयन गर्दा स्थानीय उद्योगपति, व्यापारी, शिक्षक, बुद्धिजिवी लगायतका व्यक्तिहरुलाई विद्यालयमा नै ल्याएर अन्तरक्रिया गराउनु पर्छ स्थानीय व्यक्तिहरुसँग भेटघाट, अन्तरक्रिया स्थलगत भ्रमण, ऐतिहासिक, सांस्कृतिक आदी पक्षसँग प्रत्यक्ष रहेर अध्ययन कार्य गर्नुपर्छ । विद्यालयका शिक्षक शिक्षिकामा सो विषयमा विशेषज्ञता भएमा उनीहरुबाट अध्यापन गराउन लगाउनु पर्छ । विषयको सोरुप अनुसार समुदायमा उक्त विषय सम्बन्धी ज्ञान, सिप प्राप्त गरेका, पेशा वा व्यवसाय गरि बसेका व्यक्तिहरुलाई आमन्त्रण गरी सिकाउन लगाउन सकिन्छ ।

जाति वा जात शब्दले कुनै कुलमा जन्मेको कारणले पाएको मर्यादा, भेद, वर्णसङकारत्व र पेशातत्वलाई अँगाल्दछ । जात हिन्दु धर्म दर्शनको वर्ण व्यवस्थामा आधारित एक स्तरीकृत प्रणाली हो । व्यक्तिको सामाजिक गतिशीलता, स्थिति र भूमिकालाई निर्धारण गर्ने तत्व हो ।

जातले कुनै पनि व्यक्तिको सामाजिक स्थितिलाई निर्धारण गर्दछ । अर्को अर्थमा जात जन्मले निर्धारण गर्ने, सांस्कृतिक रूपले भिन्न, गोत्र, वंश, वर्ण, रगत आदिको आधारमा सामाजिक व्यक्तिहरूलाई सामाजिक सम्बन्ध, समूह संरचना तथा व्यवस्थाको विभिन्न तहमा स्तरीकरण तथा विभेदिकरण गर्ने प्रणाली हो । यसले एक विशिष्ट मानवीय समाजमा व्यक्तिको उचो र निचो, प्रमुख र पराधिनता, विभिन्नता र असमानताको स्थितिलाई संकेत गर्दछ । जात समाजभित्र मानिसलाई एक आपसमा विभेदीकरण गर्ने व्यवस्था हो (शर्मा, २०५६ : ४५) ।

मुश्लिम धर्मको संस्थापक हजरत महम्मद थिए । यिनको जन्म ५७० ई.मा. मक्कामा भएको थियो । उनका बाबुको उनी जन्मनुभन्दा केही समय अगाडि नै मुत्यु भएको थियो । उनी ६ वर्षको हुँदा उनकी आमाको पनि मुत्यु भएकोले हजरत महम्मदको पालन-पोषण उनका हजुरबा र काकाले गरेका थिए । हजरत ८ वर्षको हुँदा उनका बाजेको पनि मुत्यु भएकोले उनी काका अबुतालिबको घरमै बसी जीवन बिताउन थाले । त्यसबेला मक्कामा कुनै विद्यालयहरू नभएकाले उनी अशिक्षित नै थिए (चालिसे, २०५८ : ३८८) ।

महम्मदले एक विशिष्ट भक्तिभाव जनाउने "इस्लाम" शब्दको प्रयोग गरे । इस्लाम शब्द अरबी शब्द हो, जसको अर्थ आज्ञापालन अर्थात-जीवनभरी अल्लाहको आदेशानुसार हिड्नु र प्रत्येक काममा उसको तावेदारी गर्नु । यसरी कुरानमा निश्चित गरिएका वा अल्लाहको दुतले निर्देशन गरेको बाटोमा हिड्ने र सधै अल्लाहको सेवक हुने व्यक्ति नै मुसलमान हुन् (अधिकारी र घिमिरे, २०५९ : २२०-२२१) ।

मुसलमान धर्ममा धेरै निष्ठावान रही महम्मदको शिक्षा पछ्याउने गर्दछन् । इस्लामिक हिजरी तथा इस्लामिक क्यालेण्डर (लुनार) अनुसारका तिथि मिति गणना गर्दछन । इस्लामिक दर्शन अनुसारका चाडपर्वहरू मनाउँछन् । यीनीहरूको विस्तृत विवरण गर्न अध्ययनकर्तालाई केहि व्यावधान देखिन गएको छ । मुसलमानहरू धर्म ग्रन्थको पाठ गर्न नमाज पढ्छन् । बिहे गर्ने चलन अरू जातिको भन्दा भिन्नै छ । बिहेका लागि केटाकेटी खोज्दा एउटै आमाको दुध खाएको दाजुभाई र दिदिबहिनी बाहेक अरू सबै प्रकारका दिदिबहिनीले दाजुभाईसँग बिहे गर्नहुन्छ भन्ने मान्यता छ तर आफ्नो सामाजिक मान्यता र आर्थिक स्तरभित्र रहेर मात्र बिहेवारी गर्ने व्यवहारीक चलन भने छदैछ । बिहेमा केटा र केटीको बीच सम्झौता पत्र गर्नुपर्दछ । पछि तलाक वा सम्बन्ध बिच्छेद गर्नुपरेमा सम्झौतामा लेखिएको रकम केटाले तिर्नुपर्छ । इस्लामीक कानुनमा पुरूषलाई बहुविवाह गर्न छुट दिइएको छ । मुसलमानहरू

मूर्दालाई धोई पखाली सफा गरेर कपुर चन्दन आदि अनेक प्रकारका सुगन्ध लगाई चिहानमा लगेर गाड्छन् र आर्थिक हैसियत हुनेहरूले त्यसमाथि स्मारक पनि बनाईदिन्छन्  (विष्ट, २००२: ९०-९३) ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि केहि समय अवश्य लाग्दछ । शिक्षक निपूर्ण, तालिम प्राप्त र योजना अनुसार पाठ्यक्रमलाई कक्षा कोठामा लागु गर्ने सक्षमता भएको हुनुपर्दछ । शिक्षकलाई उपयुक्त तालिम प्रदान गरेमा मात्र पाठ्यक्रम कार्यान्वयन प्रभावकारी हुन सक्छ र पाठ्यक्रमको माध्यमबाट विद्यालय, समाज र राष्ट्रको आवश्यकता पूरा हुन्छ । भौतिक स्रोत साधनको राम्रो उपलब्धताले मात्र पाठ्यक्रमको उद्देश्य पुरा गर्न सकिन्छ (Aryal and Niure, 2010 : 300) ।

मानव जीवनका लागि आवश्यक पर्ने केही महत्वपूर्ण शिक्षण संस्थाको निर्देशनमा विद्यार्थीले आर्जन गर्ने विभिन्न किसिमका सिकाइ अनुभवहरू हुनुपर्छ । विद्यार्थीहरूले पाठ्यांशको अध्ययनबाट प्राप्त गरेको ज्ञान मात्र सिकाइ नभई विद्यालयको वातावरणमा प्राप्त गर्ने सम्पूर्ण प्रत्यक्ष वा अप्रत्यक्ष ज्ञान नै पाठ्यक्रम हो । विद्यालयद्धारा विद्यार्थीलाई प्रदान गरिने सम्पूर्ण क्रियाकलाप नै पाठ्यक्रम हो (Tanner, 1980:16)।

शिक्षाविद Saylor and Alexander ले "A plan for providing sets of learning opportunities to achieve broad goals and related specific objectives for the identifiable population served by a single school centre" भन्नी पाठ्यक्रमलाई एक योजनाको रूपमा अगाडि सारेको छन् ।कुनै शैक्षिक संस्थाले सिकारूका लागि प्रस्ताव गरेका सम्पूर्ण योजनावद्ध सिकाई अवसर र सिकारूले पाठ्यक्रम कार्यान्वयनका क्रममा प्राप्त गरेका अनुभवहरूको संयुक्त रूपलाई पाठ्यक्रम भनिन्छ (Print, 1993 : 7)।

नेपालको विद्यालय शिक्षा सन्दर्भमा वि.सं. २०४९ सालको प्राथमिक शिक्षा पाठ्यक्रमले प्राथमिक तहमा विद्यालयले १०० पूर्णाङ्कको आवश्यकता अनुसार स्थानीय विषयको रूपमा अन्य कुनै विषय छनोट गरी पठनपाठन गर्नुपर्ने व्यवस्था गरिए देखि स्थानीय पाठ्यक्रमको सन्र्दभमा विद्यालयीय शिक्षामा जोडिएको हो । प्रथामिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमलाई यसरी पहिचान दिएको छ, स्थानीय सरोकारवालाहरूको सहभागीतामा

स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम हो ।

प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भनि मौलिक हक अन्तर्गत धारा १७ को शिक्षा तथा संस्कृति सम्बन्धी हकमा उल्लेख गरिएको छ । त्यस्तै सोही धारा १७ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । अन्तरिम संविधानको यो भावना र मूल मर्मलाई बुझ्रेर त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीयस्तरमा रहेको विभिन्न खालको जातिय, भाषिक, सांस्कृतिक आदि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ (नेपालको अन्तरिम संविधान २०६३) ।

प्राथमिक शिक्षा पाठ्यक्रममा विकेन्द्रिकरणको अवधारणा अनुरूप स्थानीय तहलाई अधिकार प्रदान गरी स्थानीय तहलाई सक्षम, सबल र जवाफदेही बनाउने कुरा उल्लेख गरिएको छ (प्राथमिक शिक्षा पाठ्यक्रम परिमार्जित, २०६२) ।

विद्यार्थीहरूका विविध आवश्यकता र चाहनाहरूलाई पूरा गर्न र पाठ्यक्रममा स्थानीयतालाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित अध्ययनको प्रावधान लागु गर्नुपर्दछ (रा.पा. प्रा. २०६३:२८) ।

सरकारले प्राथमिक शिक्षालाई गुणस्तरीय, व्यवहारिक र सर्वसुलभ बनाउने कुरामा विशेष जोड दिएको छ । खासगरी शिक्षालाई गुणस्तरीय, व्यवहारीक र बालकेन्द्रित बनाउनको लागि पाठ्यक्रम निर्माण प्रक्रियामा नै बालकेन्द्रित हुन जरूरी छ । बालकेन्द्रित भन्ने वित्तिकै त्यो पाठ्यक्रममा बालकको बालसुलभपन, उसको क्रियाकलापलाई निर्धारण गर्ने, ऊ हुर्केको समाज, सामाजिक सांस्कृतिक वातावरण, भेषभुषा, लगायत विविध परिवेश प्रतिबिम्बित हुन जरूरी हुन्छ (अधिकारी, २०६७:१८) ।

धेरै जसो विद्यालयहरूले स्थानीय पाठ्यक्रम तयार गरेको भए पनि कार्यान्वयनलाई निरन्तरता दिन सकेको छैनन् । यस्तो हुनुमा धेरै पक्षहरू जिम्मेवार रहन्छन् । शिक्षासँग सम्बन्धित निकायहरू जिम्मेवार नहुनु, स्थानीय भाषा वा पेशा र संस्कृतिसँग परिचित दक्ष व्यक्तिहरूलाई पाठ्यक्रम निर्माणमा सहभागि गराउन नसक्नु शिक्षण सामग्री तथा

पाठ्यपुस्तकको उपलब्धता नहुनु , वर्तमान समयमा धेरै अभिभावकहरूको अंग्रेजी विषयतर्फ मोह बढ्नु जस्ता कारणहरू जिम्मेवार छन् । साथै स्थानीय पाठ्यक्रम विकास र त्यसको कार्यान्वयन भए /नभएको प्रभावकारी ढङ्गले अनुगमन गर्ने, प्रभावकारी संयन्त्रको व्यवस्था, क्षेत्रीय शिक्षा निर्देशनालय, पाठ्यक्रम निर्माण र कार्यान्वयन अवस्था पत्ता लगाउन योजनाबद्ध ढङ्गले अनुगमन र मूल्याङ्कन गर्न नसक्नु जस्ता कारणहरू छन् ( शिक्षक मासिक, २०६८) ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण र कार्यान्वयनको जिम्मेवारी दिएको छ । सामाजिक शिक्षा, शारीरिक शिक्षा र सिर्जनात्मक, अन्य विषयको २० प्रतिशत पाठ्यवस्तु स्थानीय तहमा निर्माण गर्न सकिने र मातृभाषा वा स्थानीय विषय १०० पूर्णाङ्कको पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने प्रावधानको व्यवस्था गरेको छ (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४ : १) ।

प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भनि शिक्षा ऐनको दफा ७ (२) क मा उल्लेख गरिएको छ । नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने भनि नियमावलीको नियम ६ (क) मा विद्यालयले पालना गर्नुपर्ने शर्तहरूमा उल्लेख गरिएको छ । त्यसैगरी पाठ्यक्रम सम्बन्धी सुझाव लिनका लागि प्रत्येक विकास क्षेत्रमा क्षेत्रिय शिक्षा निर्देशकको अध्यक्षतामा र प्रत्येक जिल्लामा जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन गरी समितिको काम कर्तव्य र अधिकार तोक्ने भनि नियम ३३ (६) मा उल्लेख गरिएको छ । नियम ३५ मा थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ (शिक्षा ऐन, २०२८ (संसोधन सहित) र शिक्षा नियमावली २०५९) ।

अन्तरिम योजनाको कार्यनीतिमा राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा स्थानीय निकायले आ-आफ्नो क्षेत्रका लागि उपयुक्त पाठ्यक्रम विकास गर्ने एवम् बहु पाठ्यक्रमको अवधारणा अनुसार पाठ्यपुस्तक र अन्य सामग्रीहरूको उत्पादन र वितरण नीजि क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने भनि उल्लेख गरिएको छ । सबै मातृभाषा बालबालिकाहरूको सिकाई सुनिश्चितताका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायको परामर्शमा शिक्षाको माध्यम भाषा बारे निर्णय लिने र सबै मातृभाषाहरूमा शिक्षाको पहुँच बढाउन समुदाय केन्द्रित शिक्षा नीति लागु गर्ने कार्य नितिमा उल्लेख गरेको छ (तीन वर्षिय अन्तरिम योजना, २०६३/०६४-२०६६/०६७) ।

केन्द्रिय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारको लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने, स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्तहरु तयार गर्ने र त्यसैको आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने भनी उल्लेख गरिएको छ (रा.पा.प्रा. २०६३) ।

Wood ले पाठ्यक्रमको निर्माण तथा सुधार समाजको प्रकृति, सामाजिक रूपान्तरण, सिकारूको प्रकृति र आवश्यकताको अध्ययन गर्दै पाठ्यक्रम कक्षाकोठामा कसरी प्रवेश भएको छ, मूल्याङ्कन गर्नु आवश्यक हुन्छ  भनेका छन् । यस अर्थमा सबै तबरबाट उपयुक्त ठानिएको पाठ्यक्रम कक्षा कोठामा कसरी कार्यान्वयन गर्ने भनेर प्रवेशको अवस्थामा निहित हुन्छ । कार्यान्वयन पक्ष सबल भएन भने पाठ्यक्रमलाई मूर्तरूप दिन कठिन हुन्छ । पाठ्यक्रमलाई मूर्तरूप दिने पहिलो व्यक्ति शिक्षक हो । शिक्षकले पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षकका लागि तालिम प्राप्त हुनुपर्छ । तालिमको प्रयोग कक्षाकोठामा गरिनुपर्छ ।

Fullan and Miles ले पाठ्यक्रम प्रयोगबारे भनेका छन् : पाठ्यक्रमको जस्तोसुकै ढाँचा तयार गरे पनि कार्यान्वयनको मात्रा विद्यार्थीमा प्रभाव पार्छ । Colin ले पाठ्यक्रम प्रयोग/कार्यान्वयन भन्नाले निम्न लिखित पाठ्यक्रमलाई कक्षाकोठा अभ्यास गर्ने कार्य हो भनेका छन् ।

- मैले यो कसरी गर्ने ?
- मैले यो कार्य सधै सूचारू गर्न सक्छु ?
- मैले यो कार्यमा के कस्तो प्रयोग लिन सक्छु ?
- योजना निर्माणका लागि मैले के के गर्नुपर्ला ?
- मेरो क्रियाकलापले विद्यार्थीमा के प्रभाव पार्‍यो ?

Sowel भन्दछन् प्राविधिक रूपमा तयार गरिएको पाठ्यक्रमलाई कक्षाकोठाको वातावरणमा प्रयोगमा  ल्याउने प्रबन्ध मिलाउनु नै पाठ्क्रम कार्यान्वयन हो । Part (1980) कार्यान्वयन एउटा विन्दु हो, जसमा कक्षाकोठामा परिर्वतनको वास्ताविक महशुस गरिन्छ । Sinha (206), USA, Sweden, Newzeland, Austrila, Denmark र Norway देशहरू विकेन्द्रिकरण र स्थानीयस्तरको पाठ्यक्रम विकासका लागि अधिक अभ्यास गरेका

उदाहरणहरू छन् । पाठ्यक्रम विकास प्रक्रिया केन्द्रिकृत भएपछि आलोचना हुने गरेको थियो । त्यसको कारण यो हो कि Summerhill स्कुलहरूले ऐच्छिक र Self Dedecated विषयमा लामो समयदेखि राष्ट्रिय पाठ्यक्रम अभ्यास गरिरहेका छन् । United Kingdom मा पाठ्यक्रम पद्धतिमा केन्द्रिय रूपले नीति नियम वा निर्देशन पाठ्यक्रम विकासको स्वामित्वको लागि ऐच्छिक विषय स्थानीय तहमा दिएको पाइन्छ (पा.वि.के.) ।

United State मा पाठ्यक्रम विकास प्रक्रिया दुई धारणाबाट रहेको छ । तलदेखि माथि र माथिदेखि तल दुवै छ । प्रत्येक राज्यले पाठ्यक्रम विकासमा स्वतन्त्रता दिन्छ । यति मात्र होइन प्रत्येक जिल्ला स्कुलले आफ्नो कार्यक्रमको ढाँचा निर्धारण गर्न र प्रत्येक स्कुल र शिक्षकले उच्च अधिकार सँग सम्बन्धित विषयहरू यिनीहरूका ईच्छाअनुसार स्वतन्त्र रूपले निर्धारण गर्न सक्छ । ब्रिटिस सरकारले यस्तो पाठ्यक्रम निर्माण गर्छ, जुन सबैका लागि उपयोगि हुन्छ (पा.वि.के.) । स्थानीय रुपमा प्रथमिक तहसम्मको शिक्षा मातृभाषामा हुने विद्यालय खोल्न अनुमति तथा स्वीकृति दिन उल्लेख गरिएको छ (शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९) । स्थानीय निकायले आ-आफ्नो क्षेत्रका लागि उपयुक्त स्थानीय पाठ्यक्रम विकास गर्ने, मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्नेछन् (स्थानीय स्वायत शासन ऐन २०५५ तथा नियमावली २०५६) ।

## २.२ प्रयोगात्मक साहित्यको पुनरावलोकन

स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा स्थानीय व्यक्तिहरुसँग भेटघाट, अन्तरक्रिया, स्थलगत भ्रमण, भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, कृषि व्यवसायमा संलग्न व्यक्तिहरुसँग सम्बन्धित कार्य गर्नुपर्छ स्थानीय उद्योगपति, व्यापारी, बुद्धिजीवी शिक्षक आदिलाई मूख्य स्रोतको रुपमा ल्याएर अन्तरक्रिया गराउनु पर्छ । स्थानीय विषयसँग विशेषज्ञता भएका शिक्षक/शिक्षिकाहरुबाट अध्यापन गराउन लगाउनुपर्छ । विषयको स्वरुप अनुसार समुदायमा उक्त विषय सम्बन्धी ज्ञान, सीप प्राप्त गरेका वा पेशा वा व्यवसाय गरी बसेका व्यक्तिहरुलाई आमन्त्रण गरी सिकाउन लगाउन सकिन्छ । विद्यार्थीलाई स्थलगत भम्रण तथा आवश्यकता अनुसार परियोजना कार्य लगायत अन्य कार्यहरु समेत गर्न गराउन सकिन्छ भनेर स्थानीय पाठ्यक्रमको निर्माण कार्यान्वयन प्रक्रियामा उल्लेख गरेको छ ।

"स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया" शीर्षक राखि सल्यान जिल्ला थारामारे गा.वि.स. मा प्राथमिक तहका कक्षा ४ र ५ मा सिमित भई उमलाल भण्डारी (२०६८) ले एक अध्ययन गरेका छन् । अध्ययनकर्ताको आफ्नो रुची र इच्छा अनुसार छनोट गरिएको यस शीर्षकको प्रमुख उद्देश्य प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/०६३ को प्रावधान अनुसार स्थानीय पाठ्यक्रमको विकास प्रक्रियामा शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षक संस्था आदिले कुन कुन प्रक्रियामा के के गर्दछन् ? कुन कुन व्यक्तिको संग्लनतामा स्थानीय पाठ्यक्रम निर्माण गर्दछन् ? भनी उल्लेख गरेको छ भने विशिष्ट उद्देश्यहरुमा विभिन्न विषयमा स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया पहिचान गर्नु, स्थानीय आवश्यकता र स्थानीय पाठ्यक्रम बीचको तादात्म्यता पत्ता लगाउनु र स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न भनी उल्लेख गरिएको छ । उपर्युक्त उद्देश्य पूरा गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया के कस्तो छ ? विभिन्न विषयका स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तु के के हुन् ? स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ? भन्ने अनुसन्धानात्मक प्रश्नहरु राखेर शोध कार्य गरिएको पाइन्छ । शोध शीर्षक अनुसन्धान गर्दा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिको लागि प्र.अ., शिक्षक,वि.व्य.स., स्रोत व्यक्ति, अभिभावक, विद्यार्थीहरुलाई सूचनाका स्रोत लिएर अन्तर्वार्ता, खुल्ला प्रश्नावली, समूह छलफल, सहभागितामूलक,कक्षा अवलोकन अन्तर्वार्ता (असंरचित) साधनहरु प्रयोग गरी विभिन्न शीर्षक र आवश्यकता अनुसार उपशीर्षक तथा तालिकीकरण गरेर गुणात्मक विधिबाट विश्लेषण र व्याख्या गरिएको पाइयो । यस अध्ययन " स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रिया" मा स्थानीय पाठ्यक्रमको मर्म अनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्न खोजे पनि निर्माणकर्तालाई निर्माण प्रक्रियाका सबै चरण सम्बन्धी ज्ञान नभएकोले निर्माण प्रक्रियाका सबै चरण नअपनाएको निष्कर्ष रहेको पाइन्छ । यसका साथै पाठ्यक्रम कार्यान्वयनको अवस्था कमजोर, पाठ्यपुस्तकको अभाव, तालिम प्राप्त, शिक्षकको कमी, विद्यालयको कमजोर आर्थिक स्थिति, सम्बन्धित क्षेत्रबाट उपयुक्त नीति निर्देशन र अनुगमनको अभाव रहेकाले स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी हुन सकिरहेको छैन भन्ने निष्कर्ष यस अनुसन्धानको रहेको पाइन्छ ।

त्यस्तै "स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था" शीर्षकमा अध्ययनकर्ता वीरेन्द्र पोखेल (२०६९) ले चितवन जिल्लाको गर्दी गा.वि.स.मा अध्ययनकर्ताको इच्छा र रुची अनुसार आधारभूत तहको कक्षा ४ र ५ मा सामाजिक विषय अन्तरगत "वातावरण संरक्षण शिक्षा"


विषयवस्तुको रुपमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनको अवस्थालाई अध्ययन गर्दा स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजनाको अध्ययन गर्ने, स्थानीय पाठ्यक्रम कर्यान्वयनको स्थिति पहिचान गर्ने, पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको विश्लेषण गर्ने र स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु सुल्झाउने भन्ने उद्देश्यका साथ अध्ययन गरिएको पाइयो । माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नका लागि अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम (वातावरण संरक्षण शिक्षा) कार्यान्वयनको अवस्था कस्तो छ ? स्थानीय पाठ्यक्रम निर्माणमा को को संग्लन छन् ? स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजना कस्तो छ ? स्थानीय समुदायको आवश्यकता पाठ्यक्रमले समेट्न सकेको छ /छैन ? स्थानीय पाठ्यक्रम कार्यान्वयनमा कस्ता समस्याहरु देखा परेका छन् ? समस्या समाधानको लागि के कस्ता पहल भएका छन् ? भन्ने अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोजि गर्ने रहेको पाइयो । प्र.अ. स्रोत व्यक्ति, शिक्षकहरु, अभिभावकहरुलाई तथ्याङ्क संकलन गर्ने स्रोतका रुपमा लिई सूचना संकलनको साधनको रुपमा खुला प्रश्नावली, अन्तर्वार्ता तथा अन्तर्क्रिया, कक्षा समूह छलफल, प्रश्नावली र कक्षा अवलोकन फारामको निर्माण गरी प्राथमिक स्रोत र सहायक स्रोतको आधारमा तथ्याङ्क संकलन गरेर गुणात्मक अनुसन्धान पद्धति अनुसार अध्ययन गरिएको पाइयो । स्थानीय पाठ्यक्रम निर्माणमा पाठ्यक्रमविद् तथा सम्पूर्ण स्थानीय सरोकारवालाहरुको सहभागिता नभएको, स्पष्ट योजना बनाएर पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन गर्ने संयन्त्र निर्माण नगरेको, शिक्षक तालिम तथा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्न सिकाउने खालको कार्यशालाको व्यवस्थापन नहुनु, पाठ्यपुस्तकको उपलब्धता गराउन नसक्नु, पाठ्यक्रमको कार्यान्वयनमा सबै पक्षका व्यक्तिहरुको भूमिका कम देखिनु भन्ने निष्कर्ष यस अध्ययनमा रहेको पाइन्छ ।

### २.३ अवधारणात्मक ढाँचा

राष्ट्रिय नेतृत्वमा स्थानीय निकायले प्राकृतिक स्रोत र साधन, सांस्कृतिक, धार्मिक, सामाजिक आवश्यकता र विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ. अभिभावक, स्थानीय संघसंस्था र सरोकारवालाहरू आदिको संलग्नतामा स्थानीय स्तरमै निर्माण र कार्यान्वयन गर्ने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रममा बढी मात्रामा स्थानीय विषयवस्तुलाई नै जोड दिइन्छ । नेपाल एउटा बहुजाति र बहुभौगोलिक विविधता अनुसार

प्राकृतिक स्रोत र साधनमा फरक भएको हुनाले स्थानीय पाठ्यक्रमले मात्र माथि उल्लेखित गरेका विषयवस्तुलाई समेट्न सक्छ । जसले गर्दा स्थानीय पाठ्यक्रमको महत्व बढ्दै गएको छ । जस्तै हिमाली भेगमा बस्ने मानिसलाई चिसोबाट कसरी बँच्न सकिन्छ । कस्ता कपडा लगाउनुपर्छ ? कस्तो खेतीपाति लगाउँदा उपयुक्त हुन्छ ? त्यसैगरी शहरी क्षत्रेमा बसोबास गर्ने मानिसलाई कसरी व्यापार गर्ने ? कुन क्षेत्रमा कुन व्यापार गर्ने ? उद्योग धन्दा कसरी चलाउने, वातावरणलाई कसरी स्वच्छ राख्ने ? फोहरलाई कुन प्रयोगमा ल्याउने ? चोरी हुनबाट कसरी बचाउने आदि जस्ता विषयवस्तुलाई पहिचान गरी शिक्षा प्रदान गरिन्छ भने त्यस्तो पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ ।

स्थानीय पाठ्यक्रम विकास प्रक्रिया निर्धारित पाठ्यक्रमको अध्ययन गर्नको लागि आवधारणात्मक ढाँचाहरू निम्नानुसार देखाउन सकिन्छ :



## २.४ साहित्य पुनरावलोकनको शैक्षिक उपादेयता

अध्ययन अनुसन्धान कार्य गर्दा अध्ययन गर्न लागिएको विषयवस्तुमा अघिल्ला अध्ययनहरुले निकालिएका निष्कर्षलाई महत्वपूर्ण मानिन्छ । यस अध्ययनमा पनि अध्ययनको उद्देश्य पूरा गर्न निर्धारित प्रक्रिया र विधि अनुसार सम्बन्धित साहित्यको समिक्षा विभिन्न, लेख, पुस्तक, साहित्य, विद्धानहरुका प्रकाशित कृतिको सहयोग लिई पुनरावलोकन कार्यलाई अगाडि बढाइएको छ । सैद्धान्तिक साहित्य प्रयोगात्मक साहित्यको पुनरावलोकन गरी यस अध्ययनलाई मूर्त रुप दिइएको छ । अध्ययनको क्रममा शिक्षाले सामाजिक, सांस्कृतिक परिर्वतनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समाजमा रहेका व्यक्तिहरुको सर्वपक्षिय रुपमा जीवनस्तर उकास्न शिक्षाले महत्वपूर्ण कार्य गर्ने हुँदा शिक्षा र समाज बीच गहिरो सम्बन्ध छ । केन्द्रिय पाठ्यक्रमले सम्पूर्ण विद्यार्थीहरुको आवश्यकता तथा चाहना पूरा गर्न कठिन पर्दछ । भौगोलिक विविधता अनुसार सबै क्षेत्रमा एउटै खालको सिप तथा ज्ञानको सञ्चार कामयामी नुहने हुन्छ । समाजको आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रमको अवधारणा आएको पाइन्छ । स्थानीय पाठ्यक्रमको अध्ययनबाट विद्यार्थीले आफ्नो स्थानीय संस्कृति, भाषा, धर्म, पेशा, व्यवसायहरु सम्बन्धी प्रत्यक्ष सहभागी भएर सिक्न पाउने भएको वातावरण प्राप्त गर्दछन् । कानुनमा व्यवस्था गरिए अनुसार मौलिक हक अन्तर्गत धारा १७ को शिक्षा तथा संस्कृति सम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्याता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने कुरा उल्लेख गरे अनुसार मातृभाषामा आधारभुत शिक्षा पाउने हक हुनेछ भन्ने तथ्यले पनि यस अध्ययनको स्थानीय विषयका रुपमा उर्दुभाषा पाठ्यक्रम प्राथमिक शिक्षा समाजको आवश्यकता र रुची अनुसार गरिने सन्दर्भ लिएको छ । सरकारले प्राथमिक शिक्षालाई गुणस्तरीय व्यवहारीक र सर्वसुलभ बनाउने कुरामा जोड दिँदा स्थानीय पाठ्यक्रम बालकेन्द्रित हुनु जरुरी ठानी स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले सामाजिक शिक्षा, शारीरिक शिक्षा र सिर्जनात्म, अन्य विषयको २० प्रतिशत पाठ्यवस्तु स्थानीय तहमा निर्माण गर्न सकिने कुरा व्यवस्था भएकोले उर्दुभाषा पाठ्यक्रमलाई सार्थकता दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार केन्द्रिय पाठ्यक्रमको संरचनाको आधारमा निश्चित गरिएको पाठ्यभारको लागि विषय, विषयवस्तु छनोट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने भनी उल्लेख गरिएका तथ्यले पनि यस अध्ययनको उर्दुभाषा पाठ्यक्रमलाई कार्यान्यनमा टेवा दिने देखिएको छ । प्रयोगात्मक साहित्यको पुनरावलोकन

तर्फ केन्द्रित भएर स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रक्रियालाई नियाल्दा पाठ्यक्रमका राम्रा नराम्रा पक्षहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन र कार्यान्वयन गर्नको लागि विद्यालयमा शिक्षण गर्ने शिक्षक, स्रोतव्यक्तिलाई स्थानीय पाठ्यक्रम सम्बन्धी तालिमको व्यवस्था, बिद्यालयहरुलाई जिल्ला शिक्षा तथा केन्द्रबाट र सबै सम्बन्धित निकायबाट सहयोग, विद्यालयको आर्थिक अवस्थालाई बलियो पार्ने, सूचना तथा सञ्चार माध्यमबाट व्यापक रुपमा कार्यान्वयन गर्ने र गराउन लगाएमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने प्रक्रिया देखि कार्यान्वयन प्रक्रियासम्म सुधार हुने सम्भावना देखिएको पाइयो ।

सम्बन्धित साहित्यको अध्ययनबाट स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनले कुन कुन क्षेत्रमा कसरी प्रभाव पारेको छ ? सम्बन्धित साहित्यको पुनरावलोकनबाट यस अध्ययनको लागि निर्दिष्ट बाटाहरु निर्माण गर्न तथा अध्ययनमा समेट्न पर्ने विषयवस्तुहरुको थप जानकारी प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ । अध्ययन कार्यलाई व्यवहारीक र वस्तु निष्ठ बनाई आजभन्दा अगाडिका शोध अध्ययनसँग दोहोरिनबाट जोगाई उद्देश्य प्राप्तीका लागि पनि सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

शोधपत्रलाई उद्देश्यमूलक बनाउनको लागि सु-स्पष्ट अनुसन्धान विधिको आवश्यकता पर्ने भएकोले अनुसन्धान विधिको विवरण सबैभन्दा महत्वपूर्ण पक्ष मानिन्छ । एक औपचारीक एवम् व्यवस्थित कार्य भएकोले यसमा विषयसँग सम्बन्धीत खास विधिहरूको उपयोग गर्नु सान्दर्भिक मानिन्छ । जस अनुसार यस शोधपत्रमा निम्न लिखित विधिहरूको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानलाई उद्देश्य उन्मुख बनाउनको लागि गुणात्मक अध्ययन विधिलाई प्रमुख आधार मानिएको छ । अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले अनुसन्धान क्षेत्रमा आफै पुगेर सूचना संकलन गरिएको थियो । अध्ययनको क्रममा स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था बारेमा गरिने यस अध्ययनमा छुटाछुट्टै उद्देश्यहरु पूरा गर्न फरक फरक सूचना संकलनका साधन निर्माण गरि सम्बन्धित सरकारवालाहरुको समूहमा पुगी निष्कर्ष सम्म पुग्ने बाटो तय गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र, जनसंख्या छनोट र नमूना छनोट

यस शोधपत्र अनुसन्धानको लागि नेपालको पश्चिमाञ्चलको तनहुँ जिल्लालाई छनोट गरिएको छ । अनुसन्धानकर्ताको कार्य क्षेत्र भएकोले र अनुसन्धान गर्न पनि सहज हुने कुरालाई ध्यानमा राखि उक्त जिल्ला छनोट गरिएको हो । तनहुँ जिल्लाको किहुँ गा.वि.स. र शुक्लागण्डकी नगरपालीका भित्र नेपाल स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रमको व्यवस्था गरिएका विद्यालयहरु २ वटा छन् । किहुँ गा.वि.स. र शुक्लागण्डकी नगरपालीका भित्र नेपाल सरकारद्धारा स्वीकृत पाई संचालित २ वटा सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ. वि.व्य.स. स्रोत व्यक्ति र स्थानीय वुद्धिजीवी यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । यी दुईवटा विद्यालयमा स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम नै संचालित भएको हुनाले यि विद्यालयलाई नमूना छनोटको रुपमा लिएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरूलाई आधार मान्नु आवश्यक रहन्छ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितिय गरी तथ्यांकका दुईवटा स्रोतहरु अवलम्बन गरिएको छ ।

**क. प्राथमिक स्रोत :**

यस शोध अध्ययनको क्रममा तथ्यांकको प्राथमिक स्रोतको रूपमा प्र.अ. शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति वि.व्य.स. पदाधिकारी तथा बुद्धिजीवीहरूलाई प्राथमिक स्रोतको आधार बनाइएको छ । तथ्यांक संकलनका लागि शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा तथ्यांक संकलन गरिएको छ ।

**ख. द्वितीय स्रोत :**

अध्ययनको उद्देश्य पूरा गर्न द्वितिय स्रोतको रूपमा विभिन्न पुस्तक, सन्दर्भ पुस्तक, विद्यालय तथा स्रोत केन्द्रले संग्रह गरेका सूचनाहरूलाई लिइएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनको निर्माण

अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्ण रुप दिन निम्नानुसारका साधनहरुको निर्माण गरी शोध निर्देशकको राय अनुसार तथ्यांक संकलन गरिएको छ ।

**क. खुला प्रश्नावली**

छनौटमा परेका दुईवटै विद्यालयका प्र.अ. र स्रोतव्यक्तिहरुका लागि स्थानीय विषयका रुपमा उर्दुभाषा पाठ्यक्रमको वर्तमान अवस्था, कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरु र उक्त समस्या समाधान गर्ने उपायहरुका सम्बन्धमा प्रश्नावली तयार गरी ति प्रश्नावली भरीभराई तथ्यांक संकलन गरिएको थियो । यस सम्बन्धी प्रश्नाली फारमलाई अनुसूची १ र २ मा देखाइएको छ ।

### ख. समूह छलफल सूची

छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर दुईवटै विद्यालयका विषय शिक्षक, विद्यार्थी र अभिभावकहरुको बीचमा स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी शीर्षकलाई प्रष्ट पार्ने प्रश्नहरु निर्माण गरी सम्बन्धित व्यक्तिहरु समक्ष तथ्यांक संकलन गरिएको छ। यस सम्बन्धी छलफल सूचीलाई अनूसूची ३ मा देखाइएको छ

### ग. कक्षा अवलोकन फाराम

छनोटमा परेका दुईवटै विद्यालयमा अनुसन्धानकर्ता आफै उपस्थित भएर उर्दुभाषा पाठ्यक्रमको कक्षा अवलोकन गरी सो सम्बन्धी फाराम भरी तथ्यांक संकलन गरिएको छ। यस सम्बन्धी तथ्यांक संकलन फारम अनुसूची ४ मा देखाइएको छ।

### घ. विद्यालय अवलोकन फाराम

तथ्यांक संकलनको लागि छनोटमा परेका दुईवटै विद्यालयमा अध्ययनकर्ता आफै प्रत्यक्ष पुगी विद्यालय सम्बन्धी भौतिक विवरण, शैक्षिक विवरण, विद्यालयका अन्य अभिलेखहरुलाई समेट्ने गरी तयार गरिएको फाराम अनुसार तथ्यांक संकलन गरिएको छ। यस अवलोकन फारम अनुसूची ५ मा दिइएको छ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको अनुसन्धान सम्बन्धी तथ्यांक संकलन गर्न निर्माण गरिएका विभिन्न साधनहरुको उचित प्रयोग गर्दै लक्षित वर्गको विद्यालयमा अनुसन्धानकर्ता आफै उपस्थित भई आवश्यक तथ्यांक संकलन गरिएको थियो। जहाँ तथ्यांक संकलन गर्दा प्रश्नावली, समूह छलफल र अवलोकन फाराम प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो।

## ३.६ साधनको विश्वासनियता र वैधता

यस अध्ययन कार्यलाई सम्पन्न गर्न निर्माण गरिएका प्रश्नावलीहरू आफ्ना सहपाठी साथीहरूको समूहमा छलफल गरी सुधार गरिएको छ। त्यसपछि शोध निर्देशकज्यूको मूल्याङ्कन र सुधारपछि साधनहरूलाई अन्तिम रूप दिइएको छ। उक्त साधनहरूको

प्रयोगबाट यस अनुसन्धानलाई पूर्णता दिन ठूलो सहयोग पुग्ने विश्वासका साथ अध्ययन कार्य अगाडि बढाइएको छ ।

### ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण:

अध्ययनको क्रममा अध्ययन क्षेत्रबाट प्राप्त गरेका सूचनाहरूलाई सहि तरिकाले प्रस्तुत गर्न, सम्पादन  र विश्लेषण गर्नको लागि सम्बन्धित क्षेत्रबाट आएको प्रतिक्रियाहरूको व्याख्या र विश्लेषण गर्न अनुसन्धान कार्यको महत्वपूर्ण पक्ष हो । सूचना र तथ्यांकहरु राम्ररी संकलन गरेर तिनको उचित व्याख्या  विश्लेषण गर्न सकिएन भने अनुसन्धानका उद्देश्यहरु पुरा हुनु सक्दैनन् साथै उचित निष्कर्ष निकाल्न सकिदैन ।तसर्थ यस अध्ययनलाई सम्पन्न गर्न समय समयमा शोध निर्देशकज्यू र अन्य विज्ञहरुसँग राय सुझाव निर्देशन लिई तथ्यांकको व्याख्या र विश्लेषण गरी सम्पन्न गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

तनहुँ जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलमा पर्दछ । तनहुँ जिल्लालाई ३ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । शोधकर्ताले आफ्नो अध्ययनको उद्देश्यलाई पूरा गर्ने अभिप्राय अनुसार निर्वाचन क्षेत्र नं ३ मा रहेको किहुँ गा.वि.स. को वडा नं. ५ मा अवस्थित श्री गौसिया मदर्शा प्रा.वि., र शक्लागण्डकी न.पा. वडा नं. ८ मा पर्ने नुरूल उलुम मदर्शा प्रा.वि.का दुई सामुदायिक विद्यालयहरूलाई सहजताको आधारमा नमूनाको रूपमा लिइएको थियो । अध्ययन गर्न खोजिएका क्षेत्रमा मुश्लिम सम्प्रदायको बाहुल्यता बढी छ । मुश्लिमको बसोबास रहेको किहुँ वडा नं. ५ मा सामाजिक विषयसँग एकिकृत गरी २० प्रतिशत स्थानीय पाठ्यक्रमको विषयवस्तुको रूपमा कक्षा १-३ मा उर्दु भाषामा पठनपाठन गर्दै आएको पाइएको छ । विद्यालयमा स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था भन्ने शीर्षकमा निर्धारित उद्देश्यहरू प्राप्तिको लागि सूचना संकलन गरी अनुसन्धान गरिएको थियो ।

यस परिच्छेदमा अनुसन्धानको क्रममा संकलन गरिएको सूचनाहरूलाई विश्लेषण र व्याख्या गरिएको छ । आवश्यक मात्रामा तालिकीकरण गरी त्यसलाई विश्लेषण पनि गरिएको छ । यस अनुसन्धानको उद्देश्य अनुसार खुला प्रश्नावली, समूह छलफल र अवलोकन जस्ता साधनहरूको प्रयोग गरी उद्देश्य अनुसार विश्लेषण र व्याख्या गरिएको छ । अनुसन्धानको क्रममा स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रमको निर्माण प्रक्रिया के कस्तो छ ? उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयन अवस्था कस्तो छ ? भनी अनुसन्धान गर्नको लागि नमूना क्षेत्रमा लिइएको विद्यालयका प्र.अ., स्रोत व्यक्तिसँग खुल्ला प्रश्नावली र शिक्षक, विद्यार्थी एवम् अभिभावक तथा समाजका प्रतिष्ठित बुद्धिजीवीहरूका बीच समूह छलफल गरिएको थियो ।

अनुसन्धानको क्रममा तथ्याङ्क संकलनका लागि खुला प्रश्नावली, समूह छलफल, कक्षा अवलोकन फाराम जस्ता साधनको प्रयोग गरिएको थियो । उत्तरदाताहरूमा सम्बन्धित विद्यालयका शिक्षक, प्र.अ., स्रोत व्यक्ति, विद्यार्थीका अभिभावकहरूलाई लिइएको थियो । तथ्याङ्क संकलनबाट प्राप्त सूचनाहरूलाई अध्ययनका उद्देश्य तथा अनुसन्धानात्मक

प्रश्नहरूको आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी क्रमबद्ध रूपमा विभिन्न शीर्षक र आवश्यकता अनुसार तालिकीकरण गरेर गुणात्मक विधिबाट विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रमको निर्माण अवस्था

अनुसन्धानको क्रममा स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रमको निर्माण अवस्था पहिचान गर्ने उद्देश्यका साथ नमूना छनोटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी एवं बुद्धिजीवी र स्रोतव्यक्तिसँग प्रश्नावली फाराम र विद्यालय अवलोकन फाराम अनुसूची १, २, ३, ४, र ५ का आधारमा आवश्यक तथ्याङ्क तथा सूचना लिइएको थियो । उक्त साधनबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम क्रमशः निम्नलिखित शीर्षक, उपशीर्षकहरूमा रहेर व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.१.१ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण प्रक्रिया

प्राथमिक तहको विभिन्न विषयको स्थानीय पाठ्यक्रमको निर्माण विद्यालयतह, स्रोतकेन्द्रतह र जिल्ला तहबाट गर्न सकिन्छ । विद्यालय तहमा विद्यालयको लागि उपयोगी हुने विषय वस्तुको पाठ्यक्रम सम्बन्धित सरोकारवालसँग परामर्श गरी विद्यालय आफैले निर्माण गर्न सकिन्छ । स्रोत केन्द्र तहमा एकभन्दा बढी विद्यालयका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी स्रोतकेन्द्रको नेतृत्वमा निर्माण गरिन्छ भने एकभन्दा बढी स्रोतकेन्द्रका लागि उपयोगि हुने स्थानीय पाठ्यक्रम सारोकारवालासँग परामर्श गरी जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा निर्माण गरिन्छ । विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको अवस्था जानकारी पाउनको लागि आधारभूत आवश्यक चरणहरूको जानकारी हुन आवश्यक हुन्छ । ति चरणहरूको जानकारी परिच्छेद २ को अवधारणात्मक ढाँचामा पाठ्यक्रम विकास प्रक्रियाको नमूनाले समेटेको छ । ति प्रत्येक पाठ्यक्रम निर्माण प्रक्रियाका चरणहरूको अध्ययन अनुसन्धान गरी प्राप्त भएका सूचनाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।


### ४.१.१.१ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माणमा सहभागीहरु

स्थानीय स्रोत साधनलाई परिचालन गरी स्थानीय परिवेश अनुसार आवश्यक पर्ने ज्ञान र सिप उक्त परिवेशमा उपलब्ध स्रोत र साधनको उपयोग हुने गरी तयार गरिएको विषयलाई स्थानीय विषय भनिन्छ । यस विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया पहिचान गर्नका लागि अध्ययन क्षेत्र तनहुँ जिल्ला किहुँ गा.वि.स. र शुक्लागण्डकी नगरपालिकाका छनोटमा परेका क्रमश : श्री गौसिया मदर्शा प्रा.वि. किहुँ-५ र नुरूल उलुम मदर्शा प्रा.वि. दुलेगौडा ८ का प्र.अ., शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, वि.व्य.स., बुद्धिजीवी, अभिभावक एवं स्थानीय पाठ्यक्रमविद्सँग प्रश्नावली, समूह छलफल र कक्षा अवलोकन गरी सूचना संकलन गरिएको थियो ।

यस शोधपत्र अनुसन्धानको लागि सर्वप्रथम छनोटमा परेका विद्यालयहरूमा गएर विद्यालयको पठनपाठन सम्बन्धी पढाई हुने विषयको बारेमा छलफल गरिएको थियो । छलफलपछि साधनको रूपमा तयार गरिएको प्रश्नावली मार्फत स्थानीय पाठ्यक्रम निर्माण गर्दा क-कसको नेतृत्वमा निर्माण गर्नुहुन्छ ? स्थानीय पाठ्यक्रम निर्माण गर्दा कुन कुन चरण अपनाउनु हुन्छ ? र क-कसको संलग्नतामा निर्माण गर्नुहुन्छ ? भनि प्रश्न गरिएको थियो । यी प्रश्नको उत्तरलाई तलको तालिकाको आधारमा विश्लेषण र व्याख्या गरिएकोछ ।

**तालिका नं १**

**स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माण प्रक्रियाको नेतृत्व**




स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा उल्लेख गरे अनुसारको अनुसन्धानको लागि छनोटमा परेका विद्यालयहरूको स्थानीय पाठ्यक्रम निर्माणको नेतृत्व विद्यालयको नेतृत्वमा निर्माण गर्ने गरेको अनुसन्धानका स्रोतहरू प्र.अ., शिक्षक, स्रोत व्यक्तिले बताएका थिए । विद्यालय रहेको वडामा करिब १५० घरधुरी भन्दा बढी मुश्लिम परिवारहरूको बसोबास रहेको र सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मुश्लिम संस्कारमा हुर्केका हुनाले ती विद्यार्थीलाई उर्दुभाषा पाठ्यक्रमको स्थानीय विषय राख्दा अध्ययन अध्यापनमा सहजता आउने बहुसंख्यक व्यक्तिहरूको धारणा पाइयो । स्थानीय परिवेश मुश्लिम जातिको प्रभुत्व भएको हुँदा विद्यालयले स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न स्रोतकेन्द्रले पनि विद्यालयलाई सम्पूर्ण जिम्मा दिएको अध्ययन क्षेत्रका प्र.अ.,शिक्षक र स्रोत व्यक्तिको राय पाइएको कुरा अनुसुची १, २, ३ बाट प्रष्ट हुन्छ ।


प्र.अ. एवं स्रोत व्यक्तिलाई तपाईको विद्यालयमा पढाई हुने स्थानीय विषय उर्दुभाषाको पाठ्यक्रम निर्माण कार्यको नेतृत्व कसरी गर्नुभएको छ ? भनि प्रश्न राख्दा वि.व्य.स. पदाधिकारी, स्थानीय बुद्धिजीवीहरू रहेको प्रतिनिधि मण्डल मुश्लिम जातिको नै भएको ले उनीहरुकै नेतृत्वमा राय सुझाव लिई स्थानीय पाठ्यक्रम उर्दुभाषामा निर्माण गरी पठनपाठन गराउने गरेको बताएका थिए । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रको स्थानीय मुश्लिम व्यक्तिहरुको संग्लनतामा प्र.अ. को नेतृत्वमा तयार गरेको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण गर्दा अभिभावकबाट राय सुझाव संकलन गर्ने गरेको पाइयो भने अभिभावक भन्दा बाहिर समुदायमा बस्ने अन्य मानिसको राय सुझाव संकलन नगर्ने र तिनीहरूलाई यस बारे जानकारी नै नदिने गरेको पाइयो । स्थानीय पाठ्यक्रमको विषय उर्दुभाषामा रहेको, यसको निर्माण र लागु शैक्षिक वर्ष २०६४ देखि गर्ने गरेको पाइयो ।

#### ४.१.१.२ स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माण गर्दा अपनाउनु पर्ने निर्माण प्रक्रियाका चरणहरू

कुनै पनि विषयको पाठ्यक्रम निर्माण गर्दा निश्चित चरणहरू अपनाएर सरोकारवाला व्यक्तिहरूको संलग्नतामा गराउनुपर्छ । त्यसै गरी यस अध्ययनमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्दा अपनाएका चरण तथा केन्द्रबाट निर्देशित गरे अनुसार अपनाउनुपर्ने चरणहरू तलको तालिकामा राखेर व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं २**

**स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माण प्रक्रिया**




स्रोत : स्थलगत अध्ययन, २०७२

स्थानीय पाठ्यक्रम वा जुनसुकै पाठ्यक्रमको निर्माण गर्नको लागि सबैभन्दा पहिला पाठ्यक्रम कार्यान्वयन गर्ने स्थान, परिवेशका व्यक्ति, विद्यार्थी र समुदायको आवश्यकताको पहिचान गरिएन भने त्यस पाठ्यक्रमले स्थानीय परिवेश र विद्यार्थीको आवश्यकता र चाहना पूरा गर्न सक्दैन । यस शोधपत्र अनुसन्धानका लागि छनोटमा परेका विद्यालयहरूले स्थानीय पाठ्यक्रम निर्माणमा माथि तालिकामा उल्लेख गरे अनुसार निम्न प्रक्रियाहरू अपनाएर पाठ्यक्रम निर्माण गर्ने गरेको पाइयो ।

### अ. आवश्यकताको पहिचान

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको सबैभन्दा पहिलो चरण आवश्यकता पहिचान गर्नु हो । स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रियामा आवश्यकता पहिचान गर्ने उद्देश्य पूरा गर्नको लागि शोधपत्र अनुसन्धानका लागि छनोटमा परेका सरोकारवाला व्यक्तिहरू, प्र.अ. शिक्षक,

विद्यार्थी, अभिभावक, स्रोत व्यक्तिसँग विभिन्न प्रश्नावली, अन्तर्वार्ता र समूह छलफलको क्रममा तपाईको विद्यालयको र विद्यालयमा रहेको सामुदायको स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माण गर्दा कुन प्रक्रिया अपनाउनु हुन्छ ? कुन आवश्यकतालाई समेट्नु भएको छ ? भनि प्रश्न गर्दा सबै भन्दा पहिला आवश्यकताको पहिचान गर्नको लागि विद्यालयमा अभिभावक भेला गराएर तथा स्रोत व्यक्तिलाई संलग्न गराएर स्थानीय आवश्यकता सम्बन्धी राय सुझाव संकलन गरिन्छ । राय सुझाव संकलन गरेपछि सबैभन्दा बढी कुन कुरामा माग आउँछ त्यस विषयको स्थानीय पाठ्यक्रम निर्माण गर्ने कुरा २ वटै विद्यालयका शिक्षक, प्र.अ. ले बताएका थिए । कुन आवश्यकतालाई समेट्नु भएको छ ? भन्ने प्रश्नको उत्तरमा यस विद्यालयमा अध्ययन गर्ने बालबालिका मुश्लिम संप्रदायका भएकोले उनीहरुको धार्मिक पहिचान नमेटियोस भन्ने अभिप्रयालाई लिएर स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए ।

तर स्रोत व्यक्तिले भने विद्यालय परिवेश वरिपरी अन्य धार्मिक स्थलहरू, कृषि जन्य नगदेवालीहरूको आवश्यकता भएता पनि विद्यालयमा अभिभावकहरूको मात्र उपस्थिति हुने र अन्य सरोकारका व्यक्तिको उपस्थिति नहुने भएकोले अधिकांश अभिभावक मुश्लिम भएको हुदाँ उनीहरुले उर्दुभाषा पाठ्यक्रमको आवश्यकता महशुस गरेको आधारमा स्थानीय पाठ्यक्रम उर्दुभाषामा निर्माण गर्ने गरेको बताएका थिए । अभिभावकहरूले भने विद्यालयले भेला गराएर आफुहरूबाट आफ्नो आवश्यकता सम्बन्धी जानकारी मात्र माग्ने र त्यस आवश्यकताका आधारमा पाठ्यक्रम निर्माण सम्बन्धी जानकारी नदिने गरेकाले स्थानीय पाठ्यक्रम सम्बन्धी निर्माण गर्ने कुनै प्रक्रिया थाहा नभएको बताएका थिए । विद्यालय क्षेत्रका अन्य व्यक्तिहरूले भने स्थानीय पाठ्यक्रमको बारेमा नै थाहा नभएको र निर्माण प्रक्रिया पनि थाहा नभएको जानकारी दिएका थिए ।

समग्रमा भन्नुपर्दा स्थानीय पाठ्यक्रमको पहिलो चरण आवश्यकताको पहिचानमा अध्ययन क्षेत्रका विद्यालयहरूले र स्रोत व्यक्तिले विद्यालयमा पढ्न आउने अभिभावकको मात्र आवश्यकता पहिचान गरेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने गरेको पाइयो । त्यस क्षेत्रका अभिभावक भन्दा अन्य व्यक्तिहरूको आवश्यकतालाई पहिचान गर्न सकेको पाइएन र अन्य व्यक्तिलाई स्थानीय पाठ्यक्रमको सम्बन्धमा र निर्माण प्रक्रियामा जानकारी नै नभएको पाइयो । त्यसै गरी पाठ्यक्रम कार्यदल गठन नगरी मनोमानी तरिकाले अन्य सामाजिक

कार्यकर्तासँग छलफल नगरी केवल विद्यार्थीका अभिभावकसँग मात्र राय संकलन गरेर प्र.अ. र शिक्षकहरुको नेतृत्वमा उर्दुभाषा पाठ्यक्रम निर्माण गरेको पाइयो ।

### आ. उद्देश्यको निर्धारण

स्थानीय तहमा स्थानीय विषयका लागि निर्माण गरिने पाठ्यक्रम निर्माण गर्दा अपनाउने दोस्रो चरण उद्देश्य निर्धारण हो । यस शोधपत्र अनुसन्धानका लागि छनोट गरिएका विद्यालयहरूमा स्थानीय विषयको रूपमा उर्दु भाषाको पाठ्यक्रम निर्माण गर्नको लागि आवश्यकता पहिचान गर्ने प्रयास भएको भए पनि उद्देश्य निर्धारणको चरणलाई अपनाएको पाइएन । अध्ययनका क्रममा स्थानीय पाठ्यक्रमको निर्माणमा कुन उद्देश्य निर्माण गर्नुभएको छ ? भनि प्रश्न गर्दा प्र.अ., शिक्षक र स्रोत व्यक्ति लगायत सबैजनाले उद्देश्य निर्धारण सम्बन्धी कुनै जानकारी दिएका थिएनन् । विद्यालयमा पढ्न आउने विद्यार्थीका अभिभावकबाट मात्र सुझाव संकलन गर्दा उर्दुभाषाको विषय वस्तु छनोट गरी पठनपाठन गर्ने गराउने भनि राय पाइएको कुरा बताएका थिए ।

### इ. विषय वस्तुको छनोट :

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको तेस्रो चरण भनेको विषयवस्तुको छनोट हो । अध्ययनको क्रममा सूचनाका स्रोतहरूलाई विषयवस्तुको छनोट के कसरी गर्नुहुन्छ ? भनि प्रश्न गर्दा विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी, प्र.अ. स्रोतव्यक्ति आदिको सहकार्यमा रायसुझावको संकलनको आधारमा विषय वस्तुको छनोट गर्ने गरेको बताएका थिए । स्थानीय पाठ्यक्रमको आधारमा के के विषयवस्तुको छनोट गर्नुभएको छ ? भनि प्र.अ. सँग प्रश्न गर्दा त्यसको जवाफमा उर्दु भाषा सम्बन्धी क्षेत्रमा अनुसूची ९ मा उल्लेख भए बमोजिम सुनाई, बोलाई, पढाई, लेखाई र कार्यमूलक व्याकरण जस्ता विषयवस्तुको छनोट गरेको बताएका थिए । त्यसपछि कुन कक्षाका लागि कुन विषय वस्तु छनोट गर्नु भएको छ ? भनि प्रश्न गर्दा सबै विषयवस्तु सबै कक्षा (१-३) लाई शिक्षण गर्ने गरेको बताएका थिए । समष्टिमा भन्नुपर्दा स्थानीय पाठ्यक्रमको विषयवस्तु छनोट गरे पनि कक्षागत रूपमा विषयवस्तु छुट्याइएको पाइएन् । सबै कक्षाका विद्यार्थीलाई सबै विषयवस्तु छनोट गरी शिक्षण गर्ने गरेकाले सबै विद्यार्थीका लागि वा कक्षागत रूपमा विषयवस्तु छनोट नगरेको पाइयो । छनोट गरिएको विषयवस्तुले विद्यार्थीलाई नेपाली भाषा र उर्दुभाषा बीचको अर्थलाई

समन्वय गराउने गरी विषयवस्तु छनोट गरेको पाइयो । जसले गर्दा मसश्लिम धर्मको जग्रेर्ना गर्दै विद्यार्थीको लागि धार्मिक आस्था रहिरहने र उर्दुसम्बन्धी भाषिक ज्ञान दिन खोजेको यस विषयवस्तुले जनाएको पाइन्छ र सानो कक्षामा पढ्ने र पढेको विषयवस्तुको क्रमवद्धता वा संगठन प्रभावकारी नभएको पाइयो ।

### ई. कक्षागत सिकाई उपलब्धि

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको चौथो चरण कक्षागत सिकाई उपलब्धि हो । यस अध्ययनको क्रममा छनोट गरिएका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण कक्षागत सिकाई उपलब्धिलाई स्पष्ट गरेको पाइएन । विद्यालयमा स्थानीय पाठ्यक्रमको रूपमा उर्दु भाषाको पाठ्यक्रम निर्माण गरी विषयवस्तुको छनोटमा परेका विषयवस्तुहरूलाई सबै कक्षामा शिक्षण गर्ने गरेको पाईयो । यस्तो अवस्थामा कुन कक्षाका लागि कुन सिकाई उपलब्धि हासिल गराउने ? के ज्ञान र सिप सिकाउने व्यवहारिक रूपमा प्रयोगमा ल्याउन सक्ने कसरी बनाउने ? जस्ता कक्षागत सिकाई उपलब्धि निर्धारण गरिएको पाईएन ।

### उ. शिक्षण प्रक्रिया (शैक्षिक सामग्री र विधि)

स्थानीय विषय उर्दु भाषा पाठ्यक्रम निर्माणमा नभई नहुने चरण शिक्षण प्रक्रिया पनि हो । शोधपत्र अनुसन्धानमा छनोट गरिएका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा शिक्षण प्रक्रियालाई ध्यान दिएर पाठ्यक्रम निर्माण गरेको पाइयो । अध्ययनको छनोटमा परेको २ वटै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षण विधिमा छलफल विधि, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ विधि, प्रर्दशन विधि छनोट गरेको पाइयो भने अनुसूची ६,७ र ८ मा देखाइएका विभिन्न रंगहरूमा लेखिएका शब्दपत्तिहरू, अन्य कार्डवोर्डहरू जस्ता शैक्षिक सामग्रीहरु निर्माण गरी शिक्षण कार्य गरेको पाइयो । शिक्षण कार्यको लागि कक्षा १-३ मा पाठ्यक्रम पुस्तकका रूपमा “हमारी उर्दु” भन्ने पुस्तक पहिलो दोस्रो र तेस्रो गरी क्रमशः कक्षा १, २, र ३ मा अध्यापन गराउने गरेको पाइयो । विद्यार्थीको लागि पर्याप्त मात्रामा उर्दुभाषा सम्बन्धीका सन्द्रर्भ सामग्रको अभाव रहेको पाइयो ।

### ऊ. विद्यार्थी मूल्याङ्कन :

स्थानीय पाठ्यक्रमको मर्म अनुसार शिक्षण सिकाई हुने विषयमा विद्यार्थीले अवलोकन गरेर सिक्ने भएकोले विद्यार्थी सहभागिता, सिक्ने हौसला र प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नुपर्छ । यसमा औपचारीक परीक्षाको खास प्रयोजन रहँदैन । प्राथमिक पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ । तर यस अध्ययनको लागि छनोटमा परेका २ वटै विद्यालयमा स्थानीय पाठ्यक्रमको मर्म अनुसार मूल्याङ्कन निर्धारण गरेको पाइएन । छनोटमा परेका विद्यालयहरूले विद्यार्थीको मूल्याङ्कन त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाको माध्यमबाट गर्ने कुरा उल्लेख गरेको पाइयो ।

### ए. समय निर्धारण

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा समय निर्धारण अन्तिम चरण हो । स्थानीय पाठ्यक्रमले तोकेको समय र पाठ्यभार अनुसार शिक्षण गर्नुपर्छ । यस अध्ययनको चरणमा छनोट परेका २ वटै विद्यालयले स्थानीय पाठ्यक्रमको समय निर्धारण पाठ्यक्रम विकास केन्द्रबाट नमूनाको रूपमा निर्माण गरेको पाठ्यक्रमको समयअनुसार निर्धारण गरेको पाइयो। जस्तो नमूनाको रूपमा बनाएको पाठ्यक्रममा तरकारी खेतीको पाठ्यक्रम निर्माण गरी समय निर्धारण गरिएको छ भने अध्ययन क्षेत्रमा उर्दु भाषा पाठ्यक्रम निर्माण गरी समय निर्धारण  गरिएको छ । अध्ययन क्षेत्रमा उर्दु भाषा पाठ्यक्रम निर्माण गरी तरकारी खेतीको पाठ्यक्रमको समय निर्धारण गरेकोमा उर्दु भाषा र तरकारी खेतीको विषयवस्तु फरक हुन सक्छ । विषयवस्तुको क्षेत्र पनि घटी र बढी हुने हुँदा उक्त समय उर्दुभाषा पाठ्यक्रमको लागि प्रभावकारी नहुने पाइयो ।

## ४.२ स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था

यस शोधपत्र अनुसन्धानको लागि छनोट गरिएको विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ? कसरी पठनपाठन गरिन्छ ? कुन विधि र सामाग्रीको प्रयोग गरिन्छ ? विद्यार्थी मूल्याङ्कन कसरी गरिन्छ ? भन्ने उद्देश्यले छनोटमा परेका दुईवटै विद्यालयका प्र.अ.सँग प्रश्नावली र शिक्षक, विद्यार्थीसँग समूह छलफल तथा प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो । ती स्रोत र साधनबाट प्राप्त भएका सूचनाहरूलाई निम्नानुसार विश्लेषण व्याख्या गरिएको छ ।

### ४.२.१ प्रश्नावली तथा अन्तर्वार्ताबाट प्राप्त सूचनाको विश्लेषण

स्थानीय स्रोत साधनको परिचालन गरी स्थानीय परिवेश अनुसार आवश्यक पर्ने ज्ञान र सिप प्राप्तिका लागि स्थानीय पाठ्यक्रमको निर्माण गरी पठनपाठन गर्ने प्रावधान आएको हो । स्थानीय पाठ्यक्रमले बालपरिवेशका महत्वपूर्ण विषयवस्तुको बारेमा बालबालिकालाई परिचित गराई सिकाई प्रति उत्प्रेरित गराउने आशा लिएको छ । सोहि अनुरूप निर्माण गरिएको पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई छनोट गरीएका दुईवटै विद्यालयका प्र.अ., शिक्षक लगायतका व्यक्तिहरुबाट अनुसूची १, २ र ३ का आधारमा सूचना संकलन गरीएको थियो । जसअनुसार प्राप्त भएका सूचनामा विद्यालयको शैक्षिक र भौतिक अवस्थाका तुलनामा आर्थिक अवस्था कमजोर रहेको, स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम विद्यालयका अभिभावक, विद्यार्थी, शिक्षक, प्र.अ. समेत नै मुश्लिम भएकोले उनीहरुको स्थानीय आवश्यकताको क्रममा आफ्नो धर्म सापेक्ष विषयवस्तु पठनपाठन गराउने आवश्यकता प्रचुर मात्रामा देखिएकोले स्थानीय आवश्यकताको आधारमा छनोट गरिएको पाइयो । उर्दुभाषा पठनपाठनमा छलफल, व्याख्यान, प्रदर्शन विधि अनुसार विभिन्न चार्टहरु, शब्दपत्तिहरुको प्रयोग अनुसूची ६, ७ र ८ अनुसार गर्ने गरेको पाइयो । त्यसै गरी दैनिक पाठयोजनाको सम्बन्धमा अनुसूची ९ अनुसार तोकिएको पाठ्यक्रमलाई आधार मानि २० पूर्णाङ्कको पाठ्यभार र साप्ताहिक २ पिरियड निर्धारण गरी सुनाई, बोलाई, पढाई, लेखाई र कार्यमूलक व्याकरण गरी क्षेत्र छुट्याएर अध्यापन गर्ने गरेको बताएको पाइयो । यस पाठ्यक्रमको विषयवस्तुले साना उमेरका बालबच्चालाई भाषिक रुपान्तरण गर्ने गराउने उद्देश्य बमोजिम शिक्षा दिने पाइयो । यसैगरी पाठ्यपुस्तकको पर्याप्तता नहुनु, महङ्गो सामग्री, तालिम प्राप्त शिक्षकको अभाव जस्ता समस्याहरुले गर्दा प्रभावकारी शिक्षण हुन नसकेको कुरा सरोकारवाला व्यक्तिहरुले बताएको पाइयो ।

### ४.२.२ समूह छलफलबाट प्राप्त सूचनाको विश्लेषण

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नको लागि छनोट गरिएका २ वटा विद्यालयका २ वटा कक्षाहरूमा समूह छलफल गरिएको थियो । उक्त समूह छलफलमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नका लागि शिक्षकको क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग र विधि, कक्षामा दिएका उदाहरण र विद्यार्थी सहभागिता आदि सम्बन्धी छलफल गरिएको थियो ।

विद्यार्थीहरूले उक्त छलफलको क्रममा स्थानीय विषय उर्दु भाषा पाठ्यक्रमसँग सम्बन्धित पर्याप्त पाठ्यपुस्तक तथा सन्दर्भसामग्री नभएकोले कक्षामा पढाई हुने विषयवस्तु र शिक्षकले पाठ भनेपछि मात्र थाहा हुने, घरमा अध्ययन गर्न नपाइने र अर्को दिनको पाठ जानकारी नहुने बताएका थिए । कक्षा शिक्षण गर्दा शिक्षकहरूले व्याख्या विश्लेषण मात्र गर्ने, शैक्षिक सामग्रीको प्रयोग कम गर्ने गरी शिक्षण गर्ने गरेको बताएका थिए । त्यसै क्रममा स्थानीय विषयको मूल्याङ्कन गर्दा पनि अरू विषयको आधारमा अंक निर्धारण गरेर अंक दिने कुरा कक्षा समूह छलफलबाट पाइएको थियो । त्यसैगरी भाषिक रुपमा उल्था गरी पढाएको विषय सन्द्रर्भले दोहोरो भाषाको ज्ञान हुने कुरामा सबैको ऐक्यवद्धता भएको पाइयो ।

### ४.२.३ कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण

यस शोधपत्र अध्ययनको लागि छनोटमा परेका गौसिया मदर्शा प्रा.वि. र नुरूल उलुम मदर्शा प्रा.वि. का एक एक वटा प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गरिएको थियो । कक्षा अवलोकनमा अनुसूची ४ बमोजिम व्याख्या र विश्लेषण गरिएको छ । कक्षा अवलोकन उर्दुभाषा सम्बन्धी रहेको र उक्त विषय शिक्षण गर्ने शिक्षक मुश्लिम नै भएकोले उर्दुभाषाको ज्ञान भएको, पठनपाठनमा कक्षाको प्रारम्भ, पाठको प्रस्तुतिकरण, कक्षा कार्यकला, आवश्यकता अनुसार शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि, मूल्याङ्कन जस्ता कार्यहरुले विषयवस्तुको उद्देश्य हासिल गर्न सक्ने पाइयो ।

### ४.२.४ स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रम कक्षाकोठामा कार्यान्वयनको अवस्था

विद्यालय तहमा “उर्दुभाषा” विषयको पाठ्यक्रम तयार गरि सकेपछि अध्ययनमा छनोट भएका विद्यालयहरूले आधारभूत तह कक्षा १-३ मा सामाजिक विषयसँग २० प्रतिशत विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएको पाइयो । विद्यालयको शैक्षिकस्तर अभिवृद्धि गर्न गराउनको लागि विद्यालयमा बस्ने शिक्षक स्टाफको वैठकमा स्थानीय पाठ्यक्रम “उर्दु भाषा” विषयको कार्यान्वयन प्रभावकारी रूपमा गराउन अन्तरक्रिया भएको पाइयो । विगत समयदेखि सामाजिक विषयमा अध्यापन गराउँदै आइरहेका शिक्षकहरूले नै स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम अध्यापन गर्ने पाइयो । स्थानीय पाठ्यक्रमको अध्यापनका लागि कुनै तालिमको व्यवस्था नभएको र विद्यार्थी

माभmमा पाठ्यपुस्तक समेत नभएको अवस्थामा शिक्षक स्टाफहरूको अन्तरक्रिया कार्यक्रम गर्ने योजना गरेर पाठ्यक्रम कार्यान्वयनलाई अगाडि बढाएको पाइयो ।

स्थानीय पाठ्यक्रम (उर्दु भाषा विषय) को मूल्याङ्कनको लागि सामाजिक विषय सरह नै मूल्याङ्कन प्रणाली कायम गरिने योजना रहेको पाइयो । विशेष गरी "उर्दु भाषा" पाठ्यक्रममा सुनाई, बोलाई, पढाई, लेखाई र कार्यमूलक व्याकरण गरी यसका क्षेत्र छुट्याएर अध्यापन गरिने र उल्लेखित क्षेत्रलाई समेट्ने गरी मूल्याङ्कन गरिने योजना गरेको पाइयो ।

## गौसिया मदर्शा प्रा.वि.को पदसंगती (वचन, लिङ्ग र पुरूष) सँग सम्बन्धी शीर्षकपाठको कक्षा अवलोकन

स्थानिय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न अध्ययनको क्रममा कक्षा ३ मा कक्षा शिक्षणको अवलोकनबाट प्राप्त सूचनाहरूलाई तल विश्लेषण र व्याख्या गरिएको छ । यस अध्ययनमा गौसिया मदर्शा प्रा.वि. को कक्षा अवलोकनमा पदसंगती भन्ने पाठमा शिक्षण गर्नका लागि शिक्षकले पाठयोजना विना नै कक्षा कोठामा प्रवेश गरी कालोपाटीमा 'पदसंगती' शीर्षक लेखेर पूर्वपाठको स्मरण गराएका थिए । त्यसपछि पाठको शुरू व्याख्यान विधिबाट गरिएको थियो । कक्षा व्यवस्थापनमा विद्यार्थीलाई नयाँ विषयवस्तु प्रति ध्यान केन्द्रित गराउन कुनै उत्प्रेरणा सम्बन्धीको सिप प्रयोग गरिएको थिएन । शिक्षण सामग्रीको रूपमा शब्दपत्ति (जून अनुसूची. ७ र ८ मा देखाइएको छ )वचन, लिङ्गका वाक्य वनोटका वाक्यहरू लेख्दै कक्षा कोठामा नै सामूहिक छलफल गराइएको थियो । शिक्षकको व्याख्यालाई विद्यार्थीले ध्यानपूर्वक सुनिरहेका थिए । शिक्षकको बोली प्रष्ट थियो । भाषा सबै विद्यार्थीले सजिलै बुझ्न सकेका थिए । कक्षाको अन्त्यमा शिक्षकले विद्यार्थीलाई प्रश्न साधेका थिए । विद्यार्थीहरू उक्त प्रश्नको उत्तर दिने प्रयास गरिरहेका थिए ।

## नुरूल उलुम मदर्शा प्रा.वि.को काल (वर्तमान काल) सम्बन्धी शीर्षक पाठको कक्षा अवलोकन

स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न नुरूल उलुम मदर्शा प्रा.वि.मा कक्षा २ को कक्षा अवलोकन गरिएको थियो । उक्त विद्यालयमा स्थानीय

विषयको कार्यमूलक व्याकरणको क्षेत्र अन्तर्गत 'काल' शीर्षकमा वर्तमान काल सम्बन्धी पाठको कक्षा अवलोकनबाट प्राप्त सूचनालाई तल विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययनको क्रममा स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम सम्बन्धी शिक्षकले पाठ योजना नबनाए पनि कक्षामा 'काल' शीर्षक पाठको लागि आवश्यक क्रियाकलाप गरेको पाइयो । जसमा विद्यार्थीले ध्यानपूर्वक सुनेका र आवश्यकता अनुसार विद्यार्थी क्रियाकलाप पनि भएको पाइयो । शिक्षकले कक्षा प्रवेश गर्ने लगत्तै पाठको पुनरावृत्ति गराउँदै नयाँ पाठको शीर्षक कालोपाटीमा लेखेको पाइयो । विभिन्न शब्दका शिक्षण सामग्री लिएर देखाउँदै अनुसूची ६ बमोजिम व्याख्यान विधिका साथमा छलफल विधिमा शिक्षकले आफ्नो शिक्षण क्रियाकलाप गरेको पाइयो । विद्यार्थीले ध्यानपूर्वक सुनेको र आवश्यक प्रश्नहरूको उत्तर सामूहिक छलफल गरेर निष्कर्ष निकालेको पाइयो । यस किसिमको अध्ययनबाट शोधकर्ताले कक्षाकोठामा उर्दुभाषा सम्बन्धी ज्ञान नेपाली भाषा र उर्दुभाषाको बीचमा सम्बन्ध राखेको पाइन्छ । एकातिर यसले शिक्षण सिकाईको रुपमा ज्ञान दिएको पाइएको छ भने अर्कोतिर भाषागत उच्चारण र उर्दुभाषामा लेखन सिप समेत सिकाउन खोजेको पाइन्छ ।

कक्षा अवलोकन पछि उक्त विद्यालयका विषय शिक्षक र प्र.अ.सँग अनुसूची १ र ३ बमोजिम केहि प्रश्नहरूको आधारमा समूह छलफल गरिएको थियो । छलफल गर्दा शिक्षकले स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रम चयन हुनुमा मुश्लिम जातिका विद्यार्थी तथा अभिभावकको स्थानीय आवश्यकता उर्दुभाषामा रहेको र सो पाठ्यक्रम कार्यान्वयनमा मुश्लिम परिवारका बालबालिकाहरू अध्ययन गर्ने हुनाले ती विद्यार्थीहरू धार्मिक दृष्टिकोणले पनि सो पाठ्यक्रम प्रति रूची राख्ने गरेको कुराहरू बताएको पाइयो ।

### ४.२.५ पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धता

अध्ययन क्षेत्रको नमूना छनोटमा परेका विद्यालयहरुमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धतामा स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तकको अभाव रहेको पाइयो । सन्द्रर्भ सामाग्रीको उपलब्धता केही मात्रामा भएपनि पर्याप्त नभएको देखियो । स्थानीय विषयको रूपमा त्यस्ता सन्दर्भ सामग्री नभएता पनि अन्य विषय र सन्दर्भबाट मिल्दा जुल्दा विषयवस्तु ल्याएर शिक्षकहरूले अध्यापन गराइरहेको अवस्था देखियो । यसबाट के निष्कर्षमा

पुग्न सकिन्छ भने स्थानीय पाठ्यक्रमसँग पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धता विद्यालयमा पर्याप्त मात्रामा भएको देखिदैंन ।

### ४.२.६ विद्यार्थी समूह छलफल

स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको पाठ्यपुस्तकको व्यवस्था नभएकोले अध्ययन गर्न कठिन भएको विद्यार्थीहरूले बताए । आज पढिसकेपछि भोलि के पढ्ने अथवा सरले कुन विषयवस्तु पढाउने हो भन्ने अन्यौलता उनीहरूमा रहेको बताए । त्यस्तै कतिपय विषयवस्तुहरू कक्षाकोठमा छलफल गरिएतापनि बिर्सने हुन्छ, यस्तो अवस्थामा पुस्तकको अभावले गर्दा घरमा गएर फेरी पढ्न नपाएको गुनासो उनीहरूको पाइयो । शिक्षकले पढाउने बेलामा विभिन्न थरिका शब्दपत्तिहरू कार्ड वोर्डमा आवश्यक कुराहरूको व्याख्या गरी पढाउने गरेको विद्यार्थीहरूले बताएका थिए भने सो कक्षामा सिर्जनात्मक कार्य गर्ने, अभ्यास गर्ने जस्ता क्रियाकलापको अभाव रहेको केही विद्यार्थीहरूले बताए ।

यस समूह छलफलबाट के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा शिक्षकहरूले शिक्षण गरिने विषयवस्तुको आवश्यक योजना कक्षामा प्रस्तुत नगरिएकोले विद्यार्थीहरूलाई भोली के पढ्ने भन्ने जस्ता अन्योलता भएको पाइयो । अर्कोतिर कक्षा कोठामा मात्र सिमित एवं व्याख्यान विधिको मात्र प्रयोगले विद्यार्थीहरूलाई शिक्षण सिकाई प्रक्रियामा सक्रिय बनाउन नसकिने देखिन्छ भने कक्षा शिक्षणको वातावरण निरस र दिक्क लाग्दो हुन सक्छ । तसर्थ शिक्षण सिकाई प्रक्रिया विद्यार्थी केन्द्रित, क्रियाकलाप केन्द्रित शिक्षण प्रक्रिया अपनाउनु पर्ने देखिन्छ । त्यस्तै लघुक्षेत्र भम्रणमा जोड दिँदै विद्यार्थीहरूलाई त्यसको बारेमा प्रतिवेदन तयार पार्न लगाउँदा अझ उपयुक्त हुने देखिन्छ ।

### ४.२.७ स्थानीय पाठ्यक्रम कार्यान्वयनबारे शिक्षक तथा अभिभावक प्रतिक्रिया

यो शोध अनुसन्धानको क्रममा अध्ययन क्षेत्रका विद्यालयहरूका प्र.अ. हरूसँग भेट गरी विद्यालयको भौतिक, शैक्षिक तथा आर्थिक अवस्था सम्बन्धी छलफल गरिएको थियो । छलफलको क्रममा अध्ययनको लागि नमूना छनोटमा परेका सबै विद्यालयहरूको भौतिक अवस्था राम्रो रहेको पाइयो । शैक्षिक अवस्था पनि कमजोर पाइएन भने आर्थिक अवस्था कमजोर रहेको प्र.अ.हरूले बताए । विशेषत : अनुसन्धानको केन्द्रित उर्दुभाषा पाठ्यक्रम कार्यान्वयन पक्षसँग सम्बन्धीत रहेर छलफल गरिएको थियो । छलफलमा उर्दु भाषा विषय

पाठ्यक्रम अध्यापन गरिरहेको विषय शिक्षकहरू, अभिभावकहरू पनि सहभागी थिए । यस क्रममा प्र.अ. तथा शिक्षकहरूले उर्दुभाषा विषय प्रभावकारी रूपमा नै कार्यान्वयनमा ल्याईरहेको बताए । विषय शिक्षकहरूलाई केही समस्या परेमा अन्य शिक्षक तथा प्र.अ.सँग अन्तरक्रिया गर्ने गरेको र उक्त समस्या समाधान हुन नसकेमा स्रोतकेन्द्रमा राख्ने गरेको बताए । यसरी हेर्दा उर्दुभाषा विषयको पाठ्यक्रम कार्यान्वयनको दिशामा अगाडि बढिरहेको पाइयो ।

### ४.२.८ स्थानीय विषयको मूल्याङ्कन अवस्था

शैक्षिक सत्र २०६४ देखि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएपनि त्यो शैक्षिक सत्रमा स्थानीय पाठ्यक्रमको लागि मूल्याङ्कन गर्न छुट्टै विधि अपनाएको पाइएन । सामाजिक शिक्षा विषय अध्यापन गराउँदा स्थानीय विषयको मिल्दो जुल्दो पाठहरूलाई सँगसँगै अध्यापन गराइएको पाइयो । आन्तरिक तथा अन्तिम परीक्षामा सामाजिक विषयसँग सम्बन्धित रहेर १०० पूर्णाङ्कको प्रश्नपत्र विद्यार्थीलाई दिइन्थ्यो । सोही प्रश्नपत्र र सामाजिक विषयमा नै केन्द्रित रहेर विद्यार्थीहरूले प्रतिक्रिया गर्नुपर्दथ्यो । स्थानीय विषय बारेमा विद्यार्थीहरूका ज्ञान, धारणाहरूलाई सामाजिक विषयमा नै एकाकार गरी अभिव्यक्ति गर्नुपर्दथ्यो भने शैक्षिक सत्र २०६५ देखि अध्ययन क्षेत्रका स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा आएका सम्पूर्ण विद्यालयहरूले स्थानीय आवश्यकतालाई ध्यानमा राखेर कक्षा १-५ का विद्यार्थीहरूले स्थानीय विषयको २० पूर्णाङ्कको लिखित परीक्षामा सम्मिलित हुनुपर्ने मूल्याङ्कन योजना बनाइएको पाइयो । मुख्य विषय सामाजिक शिक्षाको प्रश्नपत्रमा दोस्रो खण्डमा स्थानीय पाठ्यक्रम (उर्दु भाषा) को प्रश्नपत्रमा परीक्षा वोर्डले तयार पारेर सबै विद्यार्थीको एकरूपता हुने किसिमबाट मूल्याङ्कन गरिने योजना रहेको पाइयो । त्यस्तै गरी उर्दु भाषा पाठ्यक्रमबारे विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कनका लागि लघु क्षेत्र भम्रण गराइएको समयमा परियोजना कार्य गर्न लगाएर पनि मूल्याङ्कन प्रक्रिया अगाडि बढाइरहेको विषय शिक्षकहरूले बताएको पाइयो ।

### ४.२.९ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा समुदायको भूमिका

अध्ययन क्षेत्रका विद्यालयहरूमा स्थानीय रुपमा बसोबासमा गर्ने वर्गमा मुश्लिम जातिको बाहुल्यता बढी देखिएको हुँदा स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रमको आवश्यकता

रहेको पाइयो । इस्लाम धर्म अन्तरगतका संघ संस्थाहरू, धार्मिक स्थलहरू गैरसरकारी संस्थाहरूको भूमिका प्रभावकारी रहेको पाइयो । अल्पसंख्यक जातिको अस्तित्वको भूमिकालाई मध्यनजर गर्ने शिलशिलामा अन्य बुद्धिजीवी तथा वौद्धिक व्यक्तिहरूको पनि समन्वयकारी भूमिका रहेको पाइयो । समग्रमा हेर्दा अन्य सिप तथा रोजगारीमूलक, व्यवसायिक क्षेत्र, स्वास्थ्य तथा सरसफाई जस्ता आवश्यकतालाई मध्यनजर राख्न नसकेको पाठ्यक्रम भएको समुदायको अनुभूति भएको पाइयो । त्यसमा पनि के प्रष्ट हुन्छ भने यस स्थानीय विषयको रुपमा उर्दु भाषा पाठ्यक्रम कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूको सहयोग सद्भाव रहेको छ, जसले गर्दा आगामी दिनमा पाठ्यक्रम कार्यान्वयन पक्ष सुधार हुँदा अगाडि बढ्ने अनुमान गर्न सकिन्छ ।

### ४.२.१० स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनबारे प्रतिक्रिया

यस अध्ययनको क्रममा स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयन गर्दा वा कार्यान्वयनमा आइसकेपछि विद्यार्थीहरूमा कस्तो खालका धारणा विकास भएको छ ? कस्तो परिर्वतनको अपेक्षा गर्नुभएको छ ? र आफ्नो तर्फबाट के पहल गर्नुभएको छ ? भनी स्रोत व्यक्ति, विषय शिक्षक, स्थानीय बुद्धिजीवी, अभिभावकहरूलाई सोधिएको थियो । त्यस्तै नमूना छनोटमा परेका विद्यालयका विद्यार्थी माझ समूह छलफल गरी परिर्वतन बारेको धारण बुझ्दा प्राप्त भएका सूचनाको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

#### क) स्रोत व्यक्तिको प्रतिक्रिया

पाठ्यक्रम कार्यान्वयन साना कक्षामा भएपनि यसले विद्यार्थीहरूमा सानै उमेर देखि स्थानीय वातावरणमा चलि आएको स्थानीय आवश्यकतामा महसुस गरी उर्दु भाषामा सिक्न सकिने विभिन्न क्षेत्रगत कुराहरू सुनाई, बोलाई, पढाई, लेखाई र कार्यमूलक व्याकरण सम्बन्धीका ज्ञानहरू जान्न सक्ने कुरामा यसले अग्रता दिएको पाइएको छ । विद्यार्थीले स्थानीय भाषा सम्बन्धीको पाठ्यक्रमले ठोस र व्यवहारिक योगदान गर्न सक्छन् भन्ने आफ्नो अपेक्षा रहेको कुरा स्रोत व्यक्तिले बताएको पाइयो । यसै सन्दर्भमा उनले अरू के पनि थप कुरा बताए भने माथिल्लो कक्षाहरूमा पनि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न सकेको खण्डमा सम्बन्धित विषयमा समाज, राष्ट्र तथा वर्तमान विश्वको आवश्यकता पूरा गर्ने तर्फ विद्यार्थीलाई अग्रसर गराउन सकिन्छ । प्रत्यक्ष रुपमा देखिने विद्यार्थीको वर्तमान व्यवहार

परिर्वतन भन्दा पनि सकारात्मक धारणा विकास गर्दै जान सकिने र केही लामो समयपछि यसले प्रतिफल दिने कुरामा आफु दृढ रहेको बताएका थिए ।

### ख. शिक्षकहरूको प्रतिक्रिया

उर्दु भाषा पाठ्यक्रममा समावेश विषयवस्तु विद्यार्थीका दैनिक जीवनसँग प्रत्यक्ष गाँसिएको विषयहरू भएकोले उनीहरूमा यसको पठनपाठनले सकारात्मक सन्देश प्रवाह भइरहेको बताए र शिक्षकहरूले केही मात्रामा भएपनि विद्यार्थीको बानी व्यवहार परिर्वतन तर्फ उन्मुख रहेको बताए । विषयवस्तुहरू समसामयिक र स्थानीय मात्र नभई विश्वव्यापी सन्दर्भलाई समेट्ने खालको भएकोले दीर्घकालिन रूपमा विद्यार्थीको सकारात्मक व्यवहार परिर्वतनको अपेक्षा गर्न सकिने उनीहरूले बताए । विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको लघु भम्रण गराएर समेत विद्यार्थीमा सकारात्मक सोचको विकास गर्न पहल गरेको शिक्षकहरूले प्रतिक्रिया दिए ।

### ग. स्थानीय बुद्धिजीवी, वि.व्य.स./अभिभावकको प्रतिक्रिया

विद्यार्थीहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयनले सकारात्मक परिर्वतन ल्याउनेमा कुरामा उनीहरू आशावादी भएको बताएको पाइयो । स्थानीय विषयको रूपमा उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनले आफ्नो बालबच्चाहरूमा भाषागत ज्ञान बढ्ने, धार्मिक रूपमा आफ्नो धर्म एवं संस्कृतिको स्थायीत्व रहि रहने आदि जस्ता कुराहरूले आफुहरू खुशी रहेको बताए । आफ्नो बालबच्चाहरूको बानी व्यवहारमा परिर्वतन देखा परेको र आफूहरू पनि बच्चाहरूको सोच र व्यवहारमा परिर्वतन गर्न तर्फ लागिरहेको उनीहरूले बताएको पाइयो ।

### घ. विद्यार्थी समूह छलफलको प्रतिक्रिया

समूह छलफलमा भाग लिएका विद्यार्थी माझमा स्थानीय विषयका रूपमा उर्दुभाषा पाठ्यक्रमका बारेमा सकारात्मक धारणा पेश गरेको पाइयो भने केहीले उर्दुभाषाका बारेमा नकारात्मक धारणा समेत राखेको पाइयो । नकारात्मक सोच राख्नुको कारण बुझ्दा उनीहरूमा पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीको अभाव, आफुहरूले गृहकार्य तयार गर्न असुविधा तथा आगामी पाठ शीर्षकको ज्ञान लिन नसकिने जस्ता पक्षहरूमा प्रतिक्रिया

दिएको पाइयो । छलफलको क्रम अघि बढ्दै जाँदा भाषागत ज्ञान एवं संस्कृति जस्ता पक्षहरूका बारेमा सकारात्मक रहेको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयहरूको समग्र परिस्थिति छलफलको प्रतिक्रिया र शिक्षक, अभिभावक, स्रोतव्यक्ति आदिको अपेक्षालाई हेर्दा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनले विद्यार्थीको सकारात्मक सोचको विकास तथा बानी व्यवहारमा समेत परिर्वतन ल्याएको पाइयो । यसबाट पनि स्थानीय पाठ्यक्रम कार्यान्वयन सफलतातिर उन्मुख भएको मान्न सकिन्छ ।

### ४.३ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू

स्थानीय विषयको पाठ्यक्रमले शिक्षणमा पाठ्यक्रमको कक्षाकोठामा कार्यान्वयन भइरहेको अवस्थामा कार्यान्वयनमा देखापरेका समस्याहरू तथा चुनौतिहरू के के भोग्नु परेको छ ? भनि सम्बन्धित विद्यालयहरूका स्रोतव्यक्ति, प्र.अ., शिक्षकहरू तथा अध्ययनमा समावेश अभिभावकहरूसँग प्रश्नावली एवं समूह छलफल गर्दा प्राप्त जानकारीहरू समेतको विश्लेषण प्रस्तुत गरिएको छ । जस अनुसार प्र.अ.हरूको प्रतिक्रिया अनुसार पाठ्यपुस्तक नभएको, नयाँ शिक्षकलाई तालिम नहुँदा अप्ठेरो भएको, अन्यत्रबाट शिक्षक सरूवा भएर आउँदा विषयवस्तु नयाँ भएकोले अध्यापनमा कठिन भएको पाइयो । विषय शिक्षकको प्रतिक्रिया अनुसार पाठ्यपुस्तक नहुँदा कति ज्ञान दिने ? विद्यार्थीलाई गृहकार्य दिन समस्या भएको, अनुगमन तथा शैक्षिक परार्मश नभएको पाइयो । अभिभावकहरूको प्रतिक्रिया अनुसार पाठ्यपुस्तक नभएको, शिक्षकहरूलाई तालिम नभएको पाइयो भने स्रोतव्यक्तिको प्रतिक्रिया अनुसार पाठ्यपुस्तक नभएको, शैक्षिक सामग्रीको समस्या रहेको र प्रशस्त सन्दर्भ सामग्री नभएको पाइएको छ ।

यसरी अध्ययन गर्दा विभिन्न पक्षहरूसँग गरिएको सूचना संकलनमा देखा परेका उत्तरहरू र प्रत्यक्ष कुराकानीबाट पनि स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्या देखापरेको कुरालाई प्रष्ट पारेको देखिन्छ । विशेषत स्थानीय विषयको पाठ्यपुस्तक नहुँदा विद्यार्थीलाई कुन विषयवस्तुको ज्ञान कति दिने, गृहकार्य दिनपनि गाह्रो भएको र घरमा विद्यार्थीले पढ्न नपाउने, सिकेको कतिपय कुराहरूको विस्मरण छिटै हुने कुरा शिक्षकले बताएको पाइयो । प्रभावकारी कार्यान्वयनको लागि अनुगमनको अभाव रहेको पनि

शिक्षकहरूले बताएको पाइयो । ती समस्याहरूसँग प्र.अ.हरू पनि सहमत देखिन्थे भने प्रशासनिक केही समस्या रहेको पनि उनीहरूले बताए । नयाँ विषयको पाठ्यक्रम पठनपाठन प्रभावित हुने गरेको तथा अन्यत्र ठाउँमा स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रम पढाई हुँदैन । शिक्षक सरूवा भई आउँदा पनि अध्यापन कार्यमा केही समस्या हुने गरेको बताएका थिए । स्रोत व्यक्तिको प्रतिक्रिया पनि यसभन्दा खासै फरक थिएन, तापनि शिक्षक तालिमको समस्या रहेको र जिल्ला शिक्षा कार्यालयले शिक्षक तालिम तथा पाठ्यपुस्तक निर्माणमा कुनै सहयोग नगर्ने गरेकोले पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा समस्याहरू रहेको उनले बताए । अभिभावकहरूले पनि यीनै समस्याहरू बताएका थिए । उनीहरूको प्रतिक्रियामा अरूको प्रतिक्रिया भन्दा पृथक देखिएनन् ।

समग्रमा के भन्न सकिन्छ भने अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरूमा स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा केही समस्याहरू देखिएका छन्, जसको निराकरणको उपाय अपनाउन सकेमा मात्र प्रभावकारी कार्यान्वयनको मार्गलाई अंगालेर अगाडि बढ्न सकिन्छ ।

### ४.४ स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनका समस्या समाधानका उपायहरू

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अध्ययनका क्रममा नमूना छनोटमा परेका विद्यालयहरूमा शोधकर्ताले प्रत्यक्ष अध्ययन गर्दा देखिएका केहि समस्याहरू रहेका छन् । कार्यान्वयन पक्षसँग आवद्ध व्यक्तिहरूले ती समस्या समाधानका लागि आ-आफ्नो क्षेत्रबाट पहल गर्ने गरेको पाइयो । समाधानका क्रममा छनोटमा परेका विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारी, स्थानीय बुद्धिजीवी र स्रोतव्यक्तिलाई सोधिएको प्रश्नावलीका माध्यमबाट स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू निम्नानुसार बुदाहरूमा प्रस्तुत गरिएको छ ।

**क. तालिमको व्यवस्था :**

स्थानीय पाठ्यक्रम कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षक, प्र.अ., वि. व्य.स. अध्यक्षएवं पदाधिकारीहरू, शिक्षक अभिभावक संघ, स्रोतव्यक्तिमा स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी नविनतम ज्ञान, सिप र शैलिको अभाव देखिएकोले समयसापेक्ष पुन तालिमको व्यवस्था गरी योग्य र दक्ष जनशक्ति बनाउनुपर्ने जवाफ पाइयो । पर्याप्त मात्रामा

तालिम प्राप्त जनशक्तिको परिचालनले पूर्णतः यस समस्या समाधानमा सहयोग पुऱ्याउने धारणा पाइयो ।

### ख. विद्यालयमा स्रोत साधनको व्यवस्थापन

विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधानका लागि पर्याप्त मात्रामा स्थानीय पाठ्यक्रमको उद्देश्य पूर्ति हुने खालका स्थानीय स्रोत साधनको प्रयोग पुऱ्याउने कुरामा विद्यालयका सरोकारवाला व्यक्तिहरूको अभिमत पाइयो । त्यसैले विद्यालयले स्थानीय स्रोत साधनको व्यवस्थापन गरी सो को प्रयोग गरी अध्यापन गर्ने गरेमा पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरू समाधान गर्न सकिने देखिन्छ ।

### ग. शिक्षक व्यवस्थापन

विद्यालयहरूमा कक्षा संख्याको तुलनामा शिक्षक व्यवस्थापन नभएको अवस्था ठूलो समस्याको रूपमा देखिन्छ । नेपाल सरकारले हरेक विद्यालयको भौतिक अवस्था र विद्यार्थीले पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि योग्य र तालिम प्राप्त शिक्षकको व्यवस्थापन गर्नुपर्ने हुन्छ । तसर्थ कक्षा संख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने प्रतिक्रिया पाइयो । जसले गर्दा स्थानीय पाठ्यक्रममा देखिएका समस्या समाधान गर्नमा शिक्षक व्यवस्थापनले सहयोग गर्ने देखिन्छ ।

### घ. निरीक्षण अनुगमनको व्यवस्था

विद्यालयले शिक्षण सिकाई क्रियाकलापलाई व्यवस्थित प्रभावकारी र स्तरीय बनाउनको लागि निरीक्षण अनुगमनको उपयुक्त ढंगबाट व्यवस्थापन हुनु अनिवार्य हुन्छ । तसर्थ निरीक्षण अनुगमनका लागि प्र.अ., वि.व्य.स., स्रोतव्यक्ति, वि.नि. लाई स्थानीय पाठ्यक्रम सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरी नियमित निरीक्षण सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । जसले गर्दा विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखापरेको समस्या समाधान गरी कार्यान्वयनमा ल्याउन सहज हुने कुरा विद्यालयका सरोकारवालाहरूको प्रतिक्रिया पाइयो ।

### ङ. विद्यार्थीमा पाइने विविधताको व्यवस्थापन

विद्यार्थीहरूको उमेर समूह सिकाइ क्षमताको फरकपनका कारण सिकाइमा हुने कठिनाई, भौगोलिक विकटता, पर्याप्त शिक्षक संख्या, तालिमको व्यवस्था, उपयुक्त र पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था जस्ता पक्षमा शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयले आवश्यक पहल गरी सुधार गर्नुपर्ने अभिमत सरोकारवालाहरूको पाइयो । जुन पक्षले स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्नको लागि आवश्यक सहयोग पुऱ्याउने देखिन्छ ।

### च. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने

शिक्षण सिकाइमा सुधार ल्याउनका लागि विद्यार्थी मूल्याङ्कनका विभिन्न साधनहरू मध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन पनि एक हो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कक्षाकार्य, कक्षा सहभागिता, परियोजना कार्य, व्यवहार परिर्वतन, हाजिरी, सिर्जनात्मक कार्य आदिलाई मापदण्ड बनाएर मूल्याङ्कन गरिन्छ । यसले कक्षा संचालन भैरहेका बेला विद्यार्थीमा के कस्ता कमजोरी छन् र सिकाईमा कहाँ कहाँ कठिनाई भयो ? पत्ता लगाई ती कमजोरी हटाउने उपाय समेत देखाउने हुनाले यस पद्धतिको कार्यान्वयन विद्यालयमा गराउनुपर्ने सन्दर्भमा यस सम्बन्धी तालिम र कार्यान्वयनका लागि शिक्षक र विद्यालयका सरोकारवालको प्रतिक्रिया पाइयो । जुन प्रक्रियाले स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरू समाधान गर्ने देखिन्छ ।

### छ. विद्यालय समुदायको सम्बन्ध सुधार

विद्यालयको लक्षित उद्देश्यलाई पूरा गर्नका लागि अन्य सरोकार पक्ष भन्दा समुदायको भूमिका बढी हुने गर्दछ । अभिभावकहरूमा चेतनामूलक कार्यक्रमको व्यवस्था गरी विद्यालय हाम्रो हो भन्ने भावना विकास गर्न विद्यालय प्रति अपनत्वको भावनाको विकास गर्न, छोराछोरीको भविष्य नै हाम्रो भविष्य हो भन्ने भावनाको विकास गर्नका लागि विद्यालय मार्फत विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भएमा विद्यालय समुदाय सम्बन्ध सुधार भई स्थानीय पाठ्यक्रम कार्यान्वयन लगाएत विद्यालयको अन्य स्तर सुधारमा टेवा पुग्ने सुझाव सहित सम्बद्ध सरोकारवालाहरूबाट प्रतिक्रिया दिइएको पाइयो ।

अध्ययनको क्रममा स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक, स्थानीय बुद्धिजीवी तथा अभिभावकहरुलाई उर्दुभाषा पाठ्यक्रमको प्रभावकारीता वृद्धिका लागि तपाईहरूलाई अहिलेसम्म शैक्षिकजीवन र आफ्नै विद्यालयमा पनि स्थानीय पाठ्यक्रमको कार्यान्वयनको छोटो अनुभवका आधारमा केही सुझावहरू दिनुहुन्छ ? भनी प्रश्न गर्दा सबै उत्तरदाताहरूको सुझाव प्राय एकै खालको पाइयो जसलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

क. पाठ्यपुस्तक तथा आवश्यक सन्दर्भ सामग्रीहरूको व्यवस्था गरिनुपर्ने ।

ख. शिक्षक तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू भइरहनुपर्ने ।

ग. शिक्षक, विद्यार्थी तथा अभिभावकहरू बीचमा अन्तरक्रिया भइरहनु पर्ने ।

घ. विद्यार्थीलाई लघु भ्रमणमा लैजानु पर्ने तथा प्रतिवेदनहरू तयार पार्न लगाउनु पर्ने ।

ङ. जीवनोपयोगी सिपहरू समेटेर अन्य विषयको स्थानीय पाठ्यक्रम पनि लागु गर्दा राम्रो हुने ।

च. स्थानीय पाठ्यक्रमको अवधारणालाई माथिल्लो कक्षामा पनि विस्तार गर्नुपर्ने ।

छ. स्थानीय पाठ्यक्रम अध्यापनलाई कक्षाकोठामा मात्र सिमित नराखी विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाएर व्यवहारिक परिर्वतन ल्याउने गरी शैक्षिक वातावरण तयार गर्नुपर्ने ।

यी माथिका उपायहरू अपनाउँदा स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा हुने उनीहरूले बताए भने यी उपायहरूमा शिक्षा र शिक्षणसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू सहमत भएको पाइन्छ ।

### ४.५ प्राप्तिको सारांस

यो शोधपत्र अनुसन्धान तनहुँ जिल्लाको किहुँ गा.वि.स. अन्तर्गत गौसिया मदर्शा प्रा.वि. र शुक्लागण्डकी दुलेगौडा स्थित नुरूल उलुम मदर्शा प्रा.वि मा. स्थानीय विषयको रूपमा उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी उर्दु भाषा पाठ्यक्रमको अवस्था, उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था, यसका समस्या र समाधानका उपायहरूको खोजि गर्ने सम्बन्धमा अध्ययन गरिएको थियो । जसमा अध्ययनकर्ता स्वयमं विद्यालयमा र समुदायमा गएर प्रश्नावली, समूह छलफल र अवलोकन गरी शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, समुदायका बुद्धिजीवी लगायतका व्यक्तिहरूसँग लिइएको विभिन्न सूचनाका आधारमा गरिएको विश्लेषण र व्याख्याबाट निम्नानुसार प्राप्ति निकालिइएको छ ।

**क. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको निर्माण अवस्था**

अध्ययन क्षेत्रका विद्यालयहरुमा स्थानीय आवश्यकताको पहिचान गरी स्रोत व्यक्तिको नेतृत्वमा विद्यालयका प्र.अ., विषय शिक्षक, अभिभावकको राय सुझावमा विद्यालयले एउटै स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण गरेको पाइयो । समुदायमा बसोबास गर्ने अन्य व्यक्तिहरुलाई जानकारी नगराइकन पाठ्यक्रम निर्माण गरेको र पाठ्यक्रम निर्माण गर्दा अपनाउनु पर्ने चरणहरु प्रयोगमा ल्याउन नसकेको पाइयो ।

**ख. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी भएका सूचना तथा संचारहरुको अवस्था -**

अध्ययन क्षेत्रमा स्थानीय विषयको छनोट गर्ने क्रममा जिल्ला तहदेखि स्रोतव्यक्ति लगायत विषय शिक्षकहरुमा स्थानीय पाठ्यक्रम उर्दु भाषा सम्बन्धी पूर्ण ज्ञान नभएको, तालिमको अभाव भएको, अन्य स्थानीय परिवेशसँग मेलखाने विषयवस्तुको छनोट गर्न नसकिएको, सबै सरोकारवालाहरुलाई सूचना प्रवाह गर्न नसकिएको पाइयो ।

**ग. स्थानीय पाठ्यक्रम उर्दुभाषा कार्यान्वयनको लागि गरिएका पहल एवम् कदमहरु :**

स्थानीय विषयका रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा आर्थिक अवस्थाको पर्याप्तता नहुनु, विषयगत तालिम तथा आवश्यक नीति निर्देशनको कमि भएको, कक्षाकोठमा  उपयुक्त पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्रीको अभाव, प्रश्नोत्तर, छलफल जस्ता शिक्षण विधि अपनाएता पनि व्याख्यान विधि नै बढी प्रयोग भएको पाइयो । साथै विद्यार्थीहरुमा पाठ्यसामग्रीको अभावले विद्यार्थी सिकाई तथा तयारीमा कमि भएको, अन्य विकल्पका पाठ्यक्रम बनाउने अवसर धेरै देखिएता पनि पहल नभएको र उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनमा पनि सार्थक भएको पाइँदैन ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्षहरू

**क. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको निर्माण प्रक्रियाको अवस्था :**

स्थानीय पाठ्यक्रमको मर्म अनुसार स्थानीय सरोकारवालाहरुलाई पूर्णरुपले समेट्न नसकी निर्माण प्रक्रियाको सबै चरणहरु नअपनाएको, स्थानीय पाठ्यक्रमको आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गर्न नसकिएको र स्थानीय पाठ्यक्रम निर्माणको लागि सरकार तर्फबाट आवश्यक आर्थिक सहयोग नभएको, आवश्यक मात्रामा नीति निर्देशन तथा अनुगमन गर्न नसकिएको निष्कर्ष निकालिएको छ ।

**ख. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमको कार्यान्वयनको अवस्था :**

स्थानीय विषय उर्दुभाषालाई स्थानीय विषयको मर्म अनुसारको पाठ्यक्रम तयार गर्न नसकिएको, मूल्याङ्कन प्रक्रियामा अन्य विषयको आधारमा मूल्याङ्कन गर्ने गरेको पाइयो । जसका कारण उर्दुभाषा पाठ्यक्रमको मूल्याङ्कन स्थानीय पाठ्यक्रमको आधारमा ज्ञान र सिपको मूल्याङ्कन गरी अंक प्रदान गर्नुपर्ने निष्कर्ष रहेको छ ।

**ग.** उर्दुभाषा पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि विभिन्न विधि, सामग्री निर्माण गर्नको लागि विद्यालयको आर्थिक र भौतिक अवस्था कमजोर रहेकोले त्यसको आन्तरिक र वाह्रय सहयोगको माग गरी सबैको आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने क्षमताको विकास गर्नुपर्ने निष्कर्ष रहेको छ ।

**घ.** स्थानीय तहमा विशेष गरी उर्दभाषा पाठ्यक्रम विकास निर्माण एवं कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्र निर्माण गरी पाठ्यक्रममा सम्बन्धित सरोकारवालाहरको सहभागितामा व्यापकता ल्याउनुपर्ने र सञ्चार माध्यमलाई पनि व्यापकता दिनुपर्ने निष्कर्ष रहेको छ ।

**ङ.** स्थानीय तहमा उर्दभाषा पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आवश्यक पर्ने पर्याप्त रूपमा पुग्ने गरी बजेटको व्यवस्था गरिनुपर्ने र स्रोत सामग्रीको उपलब्धताका लागि क्षमता वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने निष्कर्ष रहेको छ ।

**च.** स्थानीय आवश्यकतामा आधारित उर्दुभाषा पाठ्यक्रम विकास एवं निर्माण सम्बन्धमा शिक्षक, प्र.अ., वि.व्य.स. लगायत सरोकारवालाहरूको क्षमता वृद्धिका लागि सघन रूपमा कार्यक्रम सञ्चालन गरिनुपर्ने, शिक्षक तालिम तथा स्थानीय विषय उर्दुभाषाको विषयवस्तुमा आधारित शिक्षण सामाग्रीको अभाव हटाउन सक्षमता तथा सिप विकासका तालिमहरू, शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्न सकिने खालको कार्यशालाको व्यवस्थापन गरी शिक्षकलाई तालिम प्राप्त बनाउनुपर्ने देखिन्छ । पाठ्यक्रम निर्माण गरेर विद्यालयमा कार्यान्वयनका लागि पठाइसकेपछि सरोकारवाला निकायको अनुगमन तथा निरीक्षण नभएको देखिन्छ । तसर्थ उर्दुभाषा पाठ्यक्रमका कमजोर पक्ष सुधार गरी निरन्तर रूपमा यसको प्रभावकारीता जाँच मूल्याङ्कन तथा अनुगमन हुनपर्छ भन्ने शोध अध्ययनको निष्कर्ष रहेको छ ।

## ५.२ सुझावहरू

### क. नीति निर्माण तह

अ. स्थानीय तहमा आवश्यकताको पहिचान गरी स्थानीय विषय उर्दुभाषा निर्माण गर्दा पाठ्यक्रम निर्माण सम्बन्धी तालिमको आवश्यकता रहेको र स्थानीय निकायमा पाठ्यपुस्तक निर्माण र कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण गर्दा प्रभावकारी हुने देखिन्छ ।

आ. उर्दुभाषा पाठ्यक्रम निर्माण प्रक्रियामा आन्तरिक तयारी र तत्परताको लागि विशेष कार्यक्रम संचालन गरी पाठ्यक्रम निर्माण प्रक्रिया अघि बढाएमा प्रभावकारी हुने देखिन्छ ।

इ. स्थानीय पाठ्यक्रमको विश्वव्यापी अवधारणालाई जस्तै उर्दुभाषा पाठ्यक्रमलाई पनि अघि बढाउन सबै क्षेत्रबाट सल्लाह, सुझाव, परामर्श लिएर कार्यान्वयनको स्पष्ट योजना बनाएर अगाडि बढेमा स्थानीय आवश्यकता पूरा हुने देखिन्छ । जुन कार्यको लागि सबै पाठ्यक्रम क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुको भूमिका अरु महत्वपूर्ण हुनेछ ।

ई. स्थानीय तहमा उर्दुभाषा पाठ्यक्रम निर्माण सम्बन्धी स्थानीय तहका पदाधिकारीहरुलाई यस सम्बन्धी कार्यान्वयनमा यिनीहरुको भूमिका सम्बन्धी तालिम र जानकारी दिई स्थानीय निकायको सक्रियतामा उर्दुभाषा पाठ्यक्रमको निर्माण गर्ने

वातावरण विकास गर्नुपर्ने र स्थानीय तहमा क्षमता वृद्धि गर्न, गराउन सके प्रभावकारी हुन सक्ने देखिन्छ ।

**ख. कार्यान्वयन तह**

अ. उर्दुभाषा पाठ्यक्रमलाई प्रभावकारी तुल्याउनको लागि स्थानीयस्तरमा सरोकारवाला व्यक्तिहरुलाई समेट्र कार्यान्वयन संयन्त्र बनाएमा राम्रो हुने देखिन्छ ।

आ. यस पाठ्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न प्रत्येक शैक्षिक सत्रको सुरुमा वार्षिक कार्ययोजना तथा कक्षा शिक्षणको समयमा पाठयोजना सहित अगाडि बढेमा राम्रो हुन सक्छ ।

इ. स्थानीय पाठ्यक्रमको रुपमा उर्दुभाषा पाठ्यक्रम मात्र निर्माण गर्नुभन्दा पनि आवश्यक पर्ने पाठ्यपुस्तकको व्यवस्था, शिक्षक तालिमको संयोजन, शैक्षिक सामग्री निर्माण सम्बन्धी सहयोग गर्ने जस्ता कार्यहरु सम्बन्धित सरोकारवाला निकायले गर्दा उपयुक्त हुने थियो ।

ई. उर्दुभाषा पाठ्यक्रम प्रभावकारी कार्यान्वनको लागि सम्बन्धीत सरकारी निकायले सरकारी तवरबाट आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने र क्षमता वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सके प्रभावकारी देखिन्छ ।

उ. निर्माण गरिएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय लगायत सम्बन्धित निकायबाट अनुगमन र आवश्यक सेवा, टेवा र प्राविधिक सहयोग गर्नुपर्ने देखिन्छ ।

**ग. अनुसन्धान तह**

अ. मेरो यस शोध अध्ययन स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनको अवस्थासँग मात्र सम्बन्धीत छ त्यसैले अनुसन्धान गर्न चाहने अन्य व्यक्तिहरुले यसको निर्माणको प्रक्रियाहरुका पक्ष तथा विषयवस्तु छनोटका मापदण्ड र सान्दर्भिकता जस्ता पक्षहरुलाई समेटेर अनुसन्धान अगाडि बढाउन सक्नुहुनेछ ।

आ. उर्दु भाषा पाठ्यक्रम र समाजको आवश्यकताका बीचमा सार्न्दभिकता सम्बन्धी क्षेत्रमा पनि अध्ययन अनुसन्धान बढाउन सक्नुहुनेछ ।

## सन्दर्भग्रन्थहरू


अधिकारी, विष्णुप्रसाद (२०६७), **माध्यमिक शिक्षा दिग्दर्शन,** काठमाण्डौं : आशिष बुक्स हाउस ।

अधिकारी, रेशराज र घिमिरे हरिहर (२०५९), **नेपाली समाज र संस्कृति**, काठमाण्डौं विद्यार्थी पुस्तक भण्डार, ।

अन्तरिम योजना (२०६६-२०६७), **राष्ट्रिय योजना आयोग**, सिंहदरवार काठमाण्डौं ।

आचार्य, बलाराम (२०६१), **अनुसन्धान पद्धति तथा प्रतिवेदन**, काठमाण्डौं : नेशनल बुक्स सेन्टर

कानुनी किताब व्यवस्थापन समिति (२०५६), **स्थानीय स्वायत्त शासन ऐन** २०५५ र नियमावली २०५६, कानुन किताब व्यवस्था समिति, बबहरमहल, काठमाण्डौं

खनाल, पेशल (२०६७), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौं, सनलाइट पक्लिकेसन ।

गौतम, दीनानाथ (२०६८), **शिक्षक मासिक** (जेष्ठ अंक), ललितपुर ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

चालिसे, पुष्पराज (२०५८), **नेपालको इतिहास र सभ्यता**, काठमाण्डौं : रत्न पुस्तक भण्डार,

नेपालको अन्तरिम संविधान (२०६३), **कानुन किताब व्यवस्थापन समिति**, बबरमहल, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), **नेपालमा शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप**, पाठयक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका**, सानोठिमी ।

पोखेल, विरेन्द्र (२०६९), **स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था**, त्रि.वि. शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवनमा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

बराल, रामचन्द्र (सन् २००२), **शोध विद्यार्थीको अन्यौलता र समाधनका उपायहरु,** पेड नेपाल ।

भण्डारी, उमालाल (२०६८), **स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया**, त्रि.वि. शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, किर्तिपूर काठमाण्डौंमा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

भट्टराई होमनाथ, धामि केशवसिंह (२०६६), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाण्डौं रत्न पुस्तक भण्डार ।

राष्ट्रिय जनगणना -२०६८, **संक्षिप्त नतिजा** राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रिय तथ्यांक विभाग थापाथलि काठमाण्डौं ।

शर्मा, बसन्तकुमार (२०५७), **नेपाली शब्द सागर,** काठमाण्डौं : मामा पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६६), **शिक्षाका आधारहरू**, काठमाण्डौं एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली (२०५९), **कानुन किताब व्यवस्थापन समिति**, बबरमहल, काठमाण्डौं ।

विष्ट, डोर बहादुर (सन् २००२), **सबै जातको फुलबारी**, हिमाल किताब, हिमाल एशोसियसन, ललितपुर ।

Aryal and Niure (2010), **Curriculum Planning and Practice**, Kathmandu : Intellectuals Book Palace.

Print, Murray (1993), **Curriculululum Development and Design**, Malaysia SRM Production Services Sdn. Bhd.

Singh, Arun Kumar (1998), **Tests Measurements and Research Methods in Behaviour Science,** New Delihi : Tata me Graw,Hill Publishing Company Limited.

Tanner D and Tanner L (1980), **Curriculum Development**; Theory into Practices macmilla publishing company USA.

## अनुसूची १

## प्रधानाध्यापकसँग सोध्ने प्रश्नावली

**प्र.अ.को नाम :** **मिति :**

**विद्यालयको नाम र ठेगना :**

१. तपाईको विद्यालयमा उर्दुभाषाको पाठ्यक्रम कहिले देखि लागु गर्नु भएको हो ?

..................................................................................................................

२. स्थानीय विषयमा उर्दुभाषा पाठ्यक्रम निर्माण कसरी गर्नुभयो ?

..................................................................................................................

३. तपाईको विद्यालयलाई स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम किन तयार गर्नुभयो ? यसको निर्माणमा क-कस्को सहभागिता थियो ?

..................................................................................................................

४. स्थानिय विषयको उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनको लागि के-कस्ता योजनाहरू गर्नुभएको थियो ?

..................................................................................................................

५. स्थानीय आवश्यकतालाई के त्यो उर्दुभाषा पाठ्यक्रमले समेटेको छ ?

..................................................................................................................

६. स्थानीय विषयको पठनपाठन गराउने शिक्षकको दरवन्दी व्यवस्था कस्तो छ ?

..................................................................................................................

७. स्थानीय विषयको पठनपाठनको लागि शिक्षक व्यवस्था निजी स्रोत वा बाह्य स्रोत कसरी मिलाउनुभएको छ ?

..................................................................................................................

८. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्याहरू भोग्नु भएको छ ?

.............................................................................................

९. उर्दुभाषा पाठ्यक्रम सम्बन्धी शिक्षण सामग्रीहरू, सन्दर्भ सामग्रीहरू, पाठ्यपुस्तकको, उपलब्धता कस्तो छ ?

.............................................................................................

१०. उर्दुभाषा पाठ्यक्रम कार्यान्वयन गराउँदा के-कस्ता समस्याहरु भोग्नुभएको छ ?

.............................................................................................

११. उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधानका लागि के-कस्ता प्रयासहरू गर्नुभएको छ ?

.............................................................................................

१२. स्थानीय विषय उर्दु भाषा पाठ्यक्रमको कार्यान्वयनलाई थप प्रभावकारी तुल्याउनका लागि के कस्ता कदमहरु चाल्नुपर्ला ? केही सुझावहरू दिनुहोस् ।

.............................................................................................

# अनुसूची २

## स्रोतव्यक्तिलाई सोधिने प्रश्नहरू

**स्रोत व्यक्तिको नाम :** **मिति :**

**स्रोत केन्द्र :**

१. तपाईको स्रोतकेन्द्र अन्तर्गतका कतिवटा विद्यालयमा स्थानीय विषयका रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा आएको छ ?

..........................................................................................................

२. तपाईको नेतृत्वमा कुनै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुभएको छ ? छ भने कुन कुन चरणहरू अपनाउनु हुन्छ ?

..........................................................................................................

३. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम तयार गर्दा को-को व्यक्तिको संलग्नता रहेको पाउनुभयो ?

..........................................................................................................

४. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनका लागि कस्ता कस्ता योजना निर्माण गर्नु भएको थियो ? यसलाई बढवा दिन के कस्ता प्रयासहरू गरिरहनु भएको छ ?

..........................................................................................................

५. स्थानीय विषय उर्दुभाषाको पठन पाठनलाई प्रभावकारी तुल्याउन शिक्षकहरूलाई तालिमको व्यवस्था कसरी गराउनुभएको छ ? यदि छैन भने किन होला ?

..........................................................................................................

६. स्थानीय विषय उर्दुभाषाको शिक्षणले विद्यालय र समुदायमा कस्तो प्रभाव पारेको छ ?

....................................................................................................

७. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा तथा शैक्षिक सामग्री निर्माणमा के कस्ता समस्याहरू देखिएका छन् ?

....................................................................................................

८. उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधनका लागि के कस्ता प्रयासहरू भएका छन् ?

....................................................................................................

९. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनलाई सफल तुल्याउन तपाईको सल्लाह तथा सुझाव के छ ?

....................................................................................................

१०. समग्रमा स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रमलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला ?केही थप सुझावहरु छन् कि ?

....................................................................................................

# अनुसूची ३

## शिक्षक, अभिभावक र विद्यार्थीका बीचमा गरिने छलफलका प्रश्नहरू

**विद्यालयको नाम र ठेगाना :** **मिति :**

१. तपाईका बालबच्चा पढ्ने विद्यालयमा कहिले देखि स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम चलेको पाउनुभएको छ ?

..............................................................................................

२. तपाईहरु कुनै स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम निर्माण गर्न सहभागि हुनु भएको छ ?

..............................................................................................

३. के स्थानीय विषय उर्दुभाषा पाठ्यक्रमले यहाँको समाजको आवश्यकतालाई समेटेको छ ?

..............................................................................................

४. स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम पठनपाठन गराउँदा तपाईको समुदायमा कस्तो परिर्वतन आएको महशुस गर्नुभएको छ ?

..............................................................................................

५. आगामी दिनहरूमा स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम संचालन तथा कार्यान्वयन गरिरहनुमा के भन्नुहुन्छ ?

..............................................................................................

६. स्थानीय विषयको रुपमा उर्दुभाषा पाठ्यक्रम कार्यान्वयन गर्दा विद्यालयले भोग्नु परेका के कस्ता समस्याहरू पाउनु भएको छ ?

..............................................................................................

७. के गरियो भने स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन वा यसको समस्याहरू समाधान गर्न सकिएला ? केहि सुझावहरू दिनुहुन्छ कि ?

..............................................................................................

# अनुसूची ४

## कक्षा अवलोकन फारम

**शिक्षकको नाम :** **मिति :**

**सहयोगी विद्यालयको नाम :**

**पाठ शीर्षक**

| **(क) शिक्षकको व्यक्तित्व** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क.स.** | **शिक्षकको व्यक्तित्व** | **अतिउत्तम** | **उत्तम** | **मध्यम** | **न्यून** | **न्यूनतम** | **कैफियत** |
| १. | सफासुग्घर | | | | | | |
| २. | आत्मविश्वास | | | | | | |
| ३. | मिलनसार | | | | | | |
| ४. | स्पष्ट बोली | | | | | | |
| ५. | भाषाको शुद्धता | | | | | | |
| **(ख) कक्षाको प्रारम्भ** | | | | | | | |
| १. | पूर्वपाठको स्मरण | | | | | | |
| २. | पाठप्रति जागरण | | | | | | |
| ३. | कक्षा व्यवस्थापन | | | | | | |
| **(ग) पाठको प्रस्तुतिकरण** | | | | | | | |
| १. | विषयवस्तुको ज्ञान | | | | | | |
| २. | विषयवस्तुको पर्याप्तता | | | | | | |
| ३. | पाठको क्रमिकता | | | | | | |
| ४. | उपयुक्तता | | | | | | |
| **(घ) कक्षा कार्यकलाप** | | | | | | | |
| १. | विद्यार्थी संख्या | | | | | | |
| २. | प्रश्नउत्तरको उपयुक्तता | | | | | | |

| (ङ) सामग्रीको प्रयोग | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | | अतिउत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| १. | उद्देश्य प्राप्तिमा सहयोग | | | | | | |
| २. | स्तरयुक्तता | | | | | | |
| ३. | स्पष्ट देखिने | | | | | | |
| ४. | आवश्यकतामुखी | | | | | | |
| (च) शिक्षण विधि | | | | | | | |
| १. | व्याख्यान | | | | | | |
| २. | छलफल | | | | | | |
| ३. | प्रदर्शन | | | | | | |
| ४. | खोज | | | | | | |
| ५. | प्रयोग | | | | | | |
| (छ) मूल्याङ्कन | | | | | | | |
| १. | उद्देश्य प्राप्ति | | | | | | |
| २. | मूल्याङ्कनको उपयुक्तता | | | | | | |
| (ज) गृहकार्य | | | | | | | |
| १. | गृहकार्यको प्रयोग | | | | | | |

# अनुसूची-५

## विद्यालय अवलोकन फारामः

**विद्यालयको नाम, ठेगाना :** **मिति**

**१. भौतिक अवस्था**

क. विद्यालय भवन संख्या : ◡

कक्षा कोठाको संख्या : ◡

प्रयोग गरिने कक्षाकोठाको संख्या :

शिक्षण : ◡ अफिस : ◡

ख. भौतिक सुविधा :

डेक्स ◡ बेञ्च ◡ कालोपाटी ◡

पुस्तकालय ◡ शौचालय ◡ खानेपानी ◡

खेलमैदान ◡

ग. वार्षिक कार्ययोजना : छ ◡ छैन ◡

घ. यसको कार्यान्वयन : भएको ◡ नभएको ◡

ङ. दैनिक रूटिङ्ग : भएको ◡ नभएको ◡

च. शिक्षकको कार्यभारः पिरियड संख्या / साप्ताहिक ◡

छ. शिक्षक संख्या : ◡ स्थायी : ◡ अस्थायी : ◡

राहत : ◡

निजी : ◡ अन्य : ◡ तालिम प्राप्त : ◡

तालिम अप्राप्त : ◡ आंशिक तालिम प्राप्त : ◡

ज. विद्यार्थी अभिलेख :

| कक्षा | १ | २ | ३ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| छात्र | | | | | |
| छात्रा | | | | | |
| जम्मा | | | | | |
| आजको उपस्थिति | | | | | |

अनुसूची-६

# काल

## वर्तमान काल

इसवक्त اس وقت

मै भात खाताहुं. میں بھات کھاتا ہوں.

↓


म भात खान्छु।

मै घर जाताहुं میں گھر جاتا ہوں.


↓

म घर जान्छु।

## अनुसूची-७


वचन
बहुवचन
बहुत بہت
एकवचन
अकेला
اکیلا
सवारीयाँ سواری
साधनहरू
सवारी سواری
साधन
کتابیں
किताबें
पुस्तकहरू
किताब کتاب
पुस्तक
سوالات
सवालत
प्रश्नहरू
सवाल سوال
प्रश्न

अनुसूची-८


लिङ्ग
स्त्रीलिङ्ग
पुलिङ्ग
عورت
औरत
महिला
मरद مرد
पुरुष
मा ما
आमा
बाप باپ
बाबा
लड्की لڑکی
केटी
लड्का لڑکا
केटा

# श्री मदर्शा गौसिया प्राथमिक विद्यालय

## Shree Madarsha Gausiya Primary School

किहुँ-५, लिलिङ्कोट, तनहुँ
Kihun-5, Tanahun
स्थापित : २०६४
(Estd.: 2064 B.S.)

फा.नं. :
कम्प्युटर :
गण्डकी, नेपाल

प.सं.(Ref.No) :- ०६२/०६३
च.नं. (Mail No) :- २२
मिति :Date: २०६२/६/१२

---

विषय:- जो जससँग सम्बन्ध छ।

श्री - - -

उपरोक्त सम्बन्धमा श्री सत्त गण्डकी बहुमुखी क्याम्पस चितवन भरतपुरमा अध्यापनरत छात्र टीकानिधि लम्सालले एम० एड दोस्रो वर्षको शोध पत्र अध्ययनको लागी आवश्यक सूचना संकलन गर्न आएकोले निजलाई पूर्ण रूपले सूचना उपलब्ध गराई सहयोग गरिएको छ।

क्याम्दीन
प्र०अ० क्यामदीन मियाँ
प्रधानाध्यापक

# श्री नुरुल उलुम मदर्शा प्राथमिक विद्यालय

दुलेगौडा–८, गल्छिना, तनहुँ

पत्र संख्या :

स्था: २०५१

मिति: २०६२/६/१२

चलानी नम्बर :

विषय :-

श्री जो जससँग सम्बन्ध छ।

उपरोक्त सम्बन्धमा श्री सप्त गण्डकी बहुमुखी क्याम्पस भरतपुर चितवनमा अध्ययनरत छात्र टीकानिधि लम्सालले एम. एड. दोस्रो वर्षको शोध पत्र अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न आएकोले निजलाई प्रश्न कपले सूचना उपलब्ध गराई सहयोग गरिएको छ।

मोहम्मद अली मिया
प्रधानाध्यापक

# अनुसूची ९

## स्थानीय विषय उर्दुभाषा पाठ्यक्रम, कक्षा १, २ र ३

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| सुनाइ | उर्दुभाषा वर्णहरु सुनेर छुट्टयाउने भन्ने | उर्दुभाषाका वर्णहरु फरक छुट्याउन र मिलेका अक्षर सुनेर पढ्न सक्ने | उस्तै ध्वनीको शब्दहरु सुनेर छुट्टयाउन सक्ने |
| | उर्दुभाषामा साधारण निर्देशन सुनेर पालना गर्ने | निर्देशन सुनेर पालना गर्ने | उर्दु भाषामा निर्देशन सुनेर पालना गर्ने |
| | उर्दुभाषामा सोधेको सामान्य कुराको जवाफ दिन | उर्दुभाषामा सोधेका प्रश्नको जवाफ दिने | उर्दुभाषामा सोधेका कुराको तर्कपूर्ण जवाफ दिन |
| बोलाइ | उर्दुभाषाका सग्ला अक्षरले बनेका शब्दको शुद्ध उच्चारण गर्न | उर्दु भाषाका सग्ला अक्षरहरुले बनेका शब्द शुद्धसँग उच्चारण गर्न | उर्दु भाषाका जोडमोडका अक्षरहरुले बनेका शब्द शुद्धसँग उच्चारण गर्न |
| | परिचित व्यक्तिसँग उर्दु भाषामा साधारण कुरा सोधपुछ गर्न | परिचित व्यक्तिसँग उर्दु भाषामा साधारण कुरा सोधपुछ गर्न | उर्दु भाषामा शिष्टाचारका शब्द प्रयोग गरी सोधपुछ र साधारण कुराकानी गर्न |
| पढाइ | उर्दुभाषाका वर्णहरु चिन्न र शुद्धसँग उच्चारण गरी पढ्न | उर्दुभाषाका वर्णहरु चिन्न र शुद्धसँग उच्चारण गरी पढ्न | उर्दुभाषाका जोडमोडका अक्षरले बनेका सरल शब्द र वाक्य शुद्धसँग उच्चारण गरी पढ्न |
| | उर्दुभाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य स-स्वर पढ्न | उर्दु भाषाका वर्णहरु चिन्न र शुद्धसँग उच्चारण गरी पढ्न | उर्दु भाषाका जोडमोडका अक्षरले बनेका सरल शब्द र वाक्य शुद्धसँग उच्चारण गरी पढ्न |
| | उर्दुभाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य स-स्वर पढ्न | उर्दुभाषाका सग्ला अक्षरले बनेका मात्रा सहितका सरल शब्द र वाक्य स-स्वर पढ्न | उर्दुभाषाका सरल बालकथा मौनरुपमा पढी आनन्द लिन |
| | उर्दुभाषाका सरल बालकथा स-स्वर पढ्न | उर्दुभाषाका बालकथा स-स्वर पढ्न | उदुभाषाका सामान्य सूचना सामग्री पढी त्यसबारे बताउन |

| | | | |
|---|---|---|---|
| लेखाइ | उर्दुभाषाका वर्णहरु प्रस्टसँग लेख्न | उर्दुभाषा वर्णहरु प्रष्टसँग लेख्न | उर्दुभाषाका वर्णहरु बाँङ्की मिलाएर लेख्न |
| | उर्दुभाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्यहरु नक्कल गर्न | उर्दुभाषाका सग्ला मात्रा सहितको अक्षरले बनेको शब्द र वाक्यको अनुलेखन गर्न | जोडमोडका अक्षरले बनेका सरल शब्द र वाक्यहरुको अनुलेखन गर्ने |
| | उर्दुभाषाका सग्ला अक्षरबाट बनेका सरल शब्द र वाक्यहरु नक्कल गर्न | उर्दुभाषाका सग्ला मात्रा सहितका अक्षरबाट बनेका सरल शब्द र वाक्यको अनुलेखन गर्न | जोडमोडका अक्षरले बनेका सरल शब्द र वाक्यहरुको अनुलेखन गर्न |
| | उर्दुभाषाका सग्ला अक्षरबाट हिज्जे मिलाएर शब्द निर्माण गर्न | सग्ला अक्षरबाट हिज्जे मिलाएर शब्द निर्माण गर्न | हिज्जे मिलाएर शब्द निर्माण गर्न |
| | सग्ला अक्षरबाट बनेका सरल शब्दको श्रुती लेखन गर्न | सग्ला अक्षरले बनेका सरल शब्द र वाक्यको श्रुतीलेखन गर्न | सग्ला अक्षरले बनेका सरल शब्द र वाक्यको श्रुतीलेखन गर्न |
| | | लेखाइमा साधार चिन्हको प्रयोग गर्न | दिइएको प्रश्न वा वुदाका आधारमा उर्दु भाषा छोटो अनुच्छेद तयार पार्न |
| | | | लेखाइमा साधारण चिन्हको प्रयोग गर्न |
| कार्यमूलक व्याकरण | क. पद संगती<br>वचन, लिङ्ग र पुरुषसँग क्रियाको मेल गराएर उर्दुभाषा बोल्न | क. पद संगती<br>वचन, लिङ्ग र पुरुषसँग क्रियाको मेल गराएर उर्दुभाषा बोल्न | क. पद संगती<br>वचन, लिङ्ग र पुरुषसँग क्रियाको मेल गराएर उर्दुभाषा बोल्न |
| | ख काल<br>वर्तमान काल अनुसार क्रियाको मेल गराएर उर्दु भाषा बोल्न | ख काल<br>वर्तमानकाल अनुसार क्रियाको मेल गराएर उर्दु भाषा बोल्न | ख काल<br>वर्तमान काल अनुसार क्रियाको मेल गराएर उर्दु भाषा बोल्न |